*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्वत् २५५८
नेपाल सम्वत् ११३४
इस्वी सम्वत् २०१४
बिक्रम सम्वत् २०७१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**8th OCT 2014**

| वर्ष- ३२ | अङ्क- ६ | कतिंः पुन्हि | आश्विन २०७१ |
|---|---|---|---|





मूर्खहरूको संगत गर्नुभन्दा, पाप नगरी संयमी भई मातङ्ग हात्ती भैं एक्लै विचरण गर्नुवेस छ।

काम गर्ने बेलामा मित्रद्वारा सहायता पाउनु सुख हो, जो मिल्यो त्यसमा सन्तुष्ट हुनु पनि सुख नै हो। मृत्युपछि पुण्य सुख हो। सबै दुःखको क्षय नै ठूलो सुख हो।

आमा बुबाको सेवा गर्नु, सुख हो। श्रमण भाव सुख नै हो र पाप रहित भई रहेको ब्राह्मणभाव भन् सुख हो।

बुढेसकालसम्म शीलपालन गर्नु सुख हो। श्रद्धावान् हुनु सुख हो। प्रज्ञा ज्ञान लाभ गर्नु सुख हो। पाप नगर्नु सुख हो।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# मैत्री र उपेक्षा

भगवान बुद्धको गुण अपरम्पार छ। उहाँमा भएका उत्तम एवं परिशुद्ध गुणहरू यसरी छन्-मैत्री, करूणा, मुदिता र उपेक्षा। बुद्धमा भएको मैत्री शक्तिको चमत्कार हामी जस्ता साधारण मानिसले बुझ्न सक्दैनौं। किनभने हामीमा भएका मैत्री,करूणा, त्यति शुद्ध छैनन्। यसमा स्वार्थ र पक्षपाती भाव लुकेको हुन्छ।

बुद्धले दिनुभएको मैत्री विषयक उपदेश आजको विश्वलाई अति उपयोगी छ। किनभने आजको युग वैमनस्यतापूर्ण युग भन्दा अत्युक्ति हुने छैन। जताततै षडयन्त्र र परस्पर अविश्वासपूर्ण वातावरण व्याप्त देखिन्छ। बुद्धकालिन समयमा भगवान् बुद्धले शान्तिको लागि अत्यावश्यक मैत्रीयुक्त गुणधर्म विषयमा उपदेश दिने गर्नुहुन्थ्यो। मैत्रीचित्त प्रबल भएको व्यक्तिले अरूको हानी र अहित गर्ने भावनालाई मनदेखि फालेको हुन्छ। अरूप्रति दयामाया राख्न सक्ने गुणलाई मैत्री भनिन्छ।

तर दयामाया राख्ने भन्दैमा आफूलाई मनपर्ने व्यक्ति र आफ्ना नाताकुटुम्ब भएको कारणले गरिएको मैत्रीपूर्ण व्यवहारलाई शुद्ध मैत्री भन्न मिल्दैन। किनभने त्यहाँ मनपरेको र नाता सम्बन्ध जोडिएको मोह र पक्षपात गाँसिएको हुन्छ। वास्तवमा क्रोध युक्त र घृणा भावको धारणले उत्पन्न हुने प्रतिशोध युक्त भावनालाई निर्मूल पार्न सक्ने बानीलाई नै मैत्री भनिन्छ। अरूको हीतोपकार सोची मनलाई शान्त र आनन्दित बनाई विनम्र बोली र व्यवहार प्रयोग गर्नुलाई पनि मैत्री भनिन्छ। मैत्री पूर्ण व्यवहार गर्न सजिलो नभएपनि असम्भव भने छैन। यसलाई अभ्यास र अनुभव गरी बुझ्नु पर्ने विषय हो।

मैत्री विषयलाई अभ्यासमा ढाल्न कति कठिन हुँदो रहेछ र शुद्ध मैत्री भएको व्यक्तिले यसलाई कसरी व्यवहारमा उतार्न सक्दो रहेछ भन्ने विषयलाई बुझ्नको लागि हामीले यस घटनालाई आदर्शको रूपमा लिन सक्छौं- कल्याण मित्र सत्यनारायण गोयन्काले बनारसमा विपश्यना ध्यान शिविर सञ्चालन गरिरहनु भएको थियो। यो बि.सं. २०२८ साल तिरको घटना हो। त्यसबेला त्यहाँ समाजवादी राजनैतिक नेताहरू गोयन्का गुरू समक्ष आई यसरी आक्षेप लगाउन आए–

“तपाईले के गरिराख्नु भएको यो ? ध्यान गराउने भन्दै मानिसहरूलाई आँखा बन्द गर्न लगाई निकम्मा बनाइराखेको छ। यसरी मानिसहरूलाई निकम्मा बनाएर देश विकास कसरी हुन्छ ? काम नगरी सबै यसरी आँखा चिम्लेर बस्न थाल्यो भने देश बरवाद हुँदैन ?”

आचार्य गोयन्काले मुसु मुसु हाँस्दै कत्तिपनि उत्ते जित नभइकन मैत्री युक्त चित्तले भन्नुभयो–

असल मानिसहरू नभएको देश कसरी उन्नति हुन सक्छ ? राग, द्वेष, अहंकार आदि दुर्गुणहरू सहितको मानिसहरूको बाहुल्यता भएसम्म देश विकास हुन सक्दैन। देशमा जबसम्म दुषित चित्त भएका मानिसहरूको बाहुल्यता हुन्छ, तब सम्म इमान्दार र कर्त्तव्यपरायण व्यक्तिहरूको कमी हुन्छ। कर्त्तव्यपरायण र इमान्दार व्यक्तिहरूको अभाव भएको देशमा छलकपट, जालसाजी र भ्रष्टाचार, व्यभिचार जस्ता कुकर्महरू हुनथाल्छ। जबसम्म यस्ता दुषित कुकर्महरू हुन थाल्छन्, तब सम्म उक्त देशमा उन्नति र शान्ति कायम हुन सक्दैन। जबसम्म आफ्नो खराब आचरणलाई आफैले महशूस गर्न सक्दैन, आफ्नो गल्तीलाई स्वीकार्न सक्दैन, तबसम्म उसले आफ्नो आचरण सुधार्न सक्दैन र उ शिक्षित हुन सक्दैन। त्यसैले मैले (गोयन्काले) विपश्यना अभ्यासद्वारा मानिसहरूलाई आँखा चिम्ली आफ्नो ३१/२ हातको शरीरलाई मनरूपी आँखाले निरीक्षण गरी आफू कुन अवस्थामा रहेको छ, त्यसलाई होश राखी जान्न र बुझ्नको लागि ध्यान भावना गर्ने विधि सिकाइरहेको छु। आफूलाई सुधार्ने हो भने मासुले बनेको आँखाले अरूलाई हेरिरहनु भन्दा अर्थात् अर्काको दोष केलाएर बस्नु भन्दा पहिला आफ्नो दोष देख्नु अति उत्तम छ। इमान्दारीता र कर्त्तव्यपरायण गुण देश बनाउनको लागि नभई नहुने आधारहरू हुन्। तपाइँले पनि विपश्यना ध्यान अभ्यास गरी अनुभव गर्नुहोस्। आफैले अनुभव गरी हेर्नुपर्ने कार्य हो यो।”

गोयन्का गुरूको यस प्रत्योत्तरले ती प्रश्नकर्ताहरूको शंका कति निवारण भए उनीहरूले नै जानुन्। तर गोयन्का सही विपश्यना आचार्य भएकोले उहाँलाई गलत



Downloaded from http://www.dhamma.digital

आरोप र लाञ्छना लगाउने गलत धारणाले युक्त व्यक्तिहरूको हृदय परिवर्तन भएको उल्लेख छ । यसरी यहाँ गोयन्का गुरूको असल मैत्रीको उच्च उदाहरण प्रस्तुत गरेका छौं ।

भगवान् बुद्ध भन्नुहुन्छ–

**"भिक्षुहरू आफ्ना मित्रहरूसंग कुरा गर्दा, काम गर्दा र मनले चिन्तन गर्दा समेत आफ्नो चित्त मैत्रीपूर्ण हुन अत्यावश्यक छ । यदि संगै बसी जीवन विताउनु पर्ने व्यक्तिहरूको स्वभाव राम्रो छैन भने हामीले उनको अवगुण होइन सकेसम्म उनको सानो मात्रामा नै भएपनि केही गुणलाई सम्झनु उत्तम हुनेछ । यदि अवगुण विर्सन नसके त्यस व्यक्ति प्रति उपेक्षा भाव राखी उक्त व्यक्तिलाई देखे पनि नदेखे जस्तै र उसले बोलेका कठोर वचनलाई सुने पनि नसुने जस्तै गरी अलग्ग रहनु उत्तम हुनेछ । उसको जस्तो खराब बानी आफूमा पनि छ वा छैन यसलाई ध्यान दिएर हेरी यदि छ भने त्यस्तो खराब बानीलाई निर्मूल पनि अभ्यास गर्ने । यस्तो वानीले हाम्रो मैत्री अझ दऱ्हो बनाउन मद्दत मिल्नेछ ।"**

माथि उल्लेखित बुद्ध शिक्षालाई पालन गर्न सकेमा मात्र हामीले आफ्नो जीवन सुखमय बनाउन सक्नेछौं ।

# धम्मपद–२७९

✍ **डा. रीना तुलाधर (बनिया)**
*'परियत्ति सद्धम्म कोविद'*

**अक्कोधनं वतवन्तं – सीलवन्तं अनुस्सुतं**
**दन्ति अन्तिमसारीरं – तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– जो अक्रोधि, छ व्रतवान् छ, शीलवान् छ, तृष्णाविहिन, संयमी तथा अन्तिम शरीरधारी छ, त्यसलाई नै म ब्राह्मण भन्दछु ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले राजगृह वेणुवनमा बस्नु भएको बेलामा सारिपुत्र स्थविरको कारणमा भन्नुभएको थियो ।

एकदिन सारिपुत्र स्थविर पाँचसय भिक्षुहरूलाई साथमा लिएर भिक्षाटन गर्दै नालक गाउँमा आफ्नो आमाको घरमा पुगी ढोकातिर उभेर बसे । सारिपुत्रकी आमा ब्राह्मणीले स्थविरलाई भित्र लगी बस्न दियो । अनि भोजन राख्दै बेस्करी गाली गरे– "हे पुत्र, अर्काको जूठो खाने । जुठो चामलको झोलपनि नपाएर अर्काको घरमा पन्यूमा परेको झोल अलि अलि लिएर पातलो चामलको झोल खानलाई आफ्नो ८० कोटि धन छोडेर प्रव्रजित हुन गयौ होइन ? तिमीले मलाई विनाश गऱ्यौ । अहिले खानु ल भनेर भोजन राख्दै फेरि संगै आएका भिक्षुहरूलाई पनि भोजन राखेर नराम्रो शब्दमा भने– "ए उसो भए तिमीहरू नै हो जसले मेरो छोरालाई उपस्थापक चेला बनायौ । अब खानु ल ।"

स्थविरले भोजन ग्रहण गरेर विहारमै फर्केर आए । भिक्षु राहुलले भोजन ग्रहण गर्नु हुन तथागतलाई बिन्ति गरे । राहुलसंग तथागतले सोध्नुभयो– "हे राहुल, आज तिमी कहाँ भिक्षा गएर आयौ ?"

"भन्ते आज म बज्येको गाउँमा भिक्षा गएर आएँ ।"

"तिम्रा बज्येले तिम्रा उपाध्यायलाई के भन्यो त ?"

"भन्ते मेरी बज्येले मेरा उपाध्यायलाई बेस्करी गाली गर्नुभयो ?"

"के भनेर गाली गऱ्यो त राहुल ?"

"यसो उसो आदि भन्ते ?"

बुद्धले सोध्नु भयो– "तिम्रो उपाध्यायले के भन्यो त ?"

"केही भन्नुभएन त्यतिकै उठेर निस्किनु भयो ।"

यही कुरा उठाएर धर्मसभामा भिक्षुहरूको बिचमा कुराकानी भयो– "अत्यन्त आश्चर्यको कुरा हो । सारिपुत्रको गुण कति ठूलो । आमाले त्यत्रो गाली गर्दा पनि अलिकति पनि रिसाउनु भएन ।"

त्यही बेला भगवान् बुद्ध त्यहाँ पुग्नु भयो र सोध्नु भयो– "अहिले तिमीहरूको बिचमा के कुरा भइरहेको छ ?" भिक्षुहरूले आफूहरू बिच भइराखेको कुरा भने । तिनीहरूलाई सम्बोधन गरेर भगवान बुद्धले भन्नुभयो– "हे भिक्षुहरू, क्षीणाश्रव भएका संग रीस हुँदैन । उनीहरू क्रोध गर्दैन ।"


यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖



Downloaded from http://www.dhamma.digital

# लेडी सयादो

✍ कल्याण मित्र सत्यनारायण गोयन्का



भदन्त लेडि सयादोको जन्म सन् १८४६ मा स्वेवो जिल्लाको सेङ्ग-पिनं-खी गाऊँमा भएको थियो। हाल स्वेवो जिल्ला उत्तर बर्माको मोनिवा प्रान्त अन्तरगत पर्दछ। पिता उ टुन था र माता दो खेनेको कोखबाट उनको जन्म भएको थियो । उहाँहरूको पहिलो छोरोको वाल्यावस्थामा नै मृत्यु भएकोले यिनको नाम "माउङ्ग तात खाउङ्ग" (Maung Tat Khaung) राखियो। बर्मी भाषामा 'माउङ्ग' वालकलाई सम्बोधन गर्न प्रयोग गरिन्छ। 'तात' को अर्थ 'माथि तिर उक्लेको' भन्ने हुन्छ र 'खाउङ्ग' को अर्थ 'छाना' अथवा 'टुप्पो' हुन्छ । अत: उनको नाम सरी उनका काम पनि पछि उक्लिंदै गए।

बर्मी परम्परा अनुसार उनको शैक्षिक प्रारम्भ दश वर्षको उमेरमा गाउँको एउटा बौद्ध विहारबाट भयो। त्यहाँ उनले विहारको प्रमुख सयादो ऊ नन्द संग बर्मी भाषा, पालि भाषा, लोकनीति, धर्मनीति, एघारवटा परित्त सुत्त आदि पढ्न सिके। यस्ता स्कूलको पठन-पाठनले बर्मा देशको शैक्षिक अवस्था निक्कै उच्च हुन पुगेको थियो।

पन्ध्र वर्षको उमेरमा उनका आमा–बुबाको इच्छा अनुसार सयादो उ नन्द कै अधिनमा श्रामणेर बने र उनको नाम "ञाण धज" राखियो । जस्को अर्थ ज्ञान अथवा प्रज्ञाको झण्डा हुन्छ।

ञाण धजले सयादो उ नन्दको सानिध्यमा रहेर पालि ब्याकरण तथा अभिधर्मको अध्ययन गरे। उहाँ १८ वर्षको हुँदा श्रामणेर जीवन त्यागेर गृहस्थ जीवनमा फर्किनु भयो । आफ्नो त्रिपिटकको पढाईबाट असंन्तुष्ट भएर उनले भिक्षु जीवन त्यागेका थिए। छ: महिना पछि एकजना अर्को आचार्य भिक्षु मिङ्ग टिन सयादोले आफ्नो शैक्षिक अध्ययन गर्ने कार्यलाई अघि बढाउन भिक्षु बन्न सल्लाह दिनुभयो । कुसाग्र बुद्धी भएका माउङ्ग तात खाउङ्गले उनको सल्लाहलाई सहर्ष स्वीकार गरेर पुन: श्रामणेर बने त्यस पछि कहिल्यै पनि भिक्षुत्त्व त्याग्नु भएन। आफ्ना गुरूहरूको स्नेह र करूणाको कारण पुन: श्रामणेर भएर वेद ग्रन्थको अध्ययन गर्न पाएकोमा उनी गुरूहरू प्रति कृतज्ञ थिए । सयादो उ गन्धमाको सानिध्यमा रहेर आठ महिना भित्रमा वेद अध्ययन गर्न सिध्याए । यस अवधिमा उनले बर्मी भाषामा धेरै कविताहरू, पालि भाषाका दोहाहरू, पालि-बर्मी ब्याकरणहरूको श्रृजना गरे।

बीस वर्षको उमेर पुग्दा सन् १८६६ मा सयादो ऊ नन्द कै सानिध्यमा उपसम्पदा-ग्रहण गरे र १९६७ मा वर्षावास शुरू हुनु केही दिन अगाडि भिक्षु ञाण धजले आफ्नो गुरू र आफू हुर्केको गाउँ मोनिवा छोडेर माण्डले को साडक्योंङ्ग टेकमा अध्ययन गर्नको लागि प्रस्थान गरे। राजा मिनडोन (सन् १८५३-१९०३) ले माण्डलेमा राजधानी स्थापना गर्दा सङक्यौङ्ग टेक (Sankyaung Taik) बनाएर बुद्ध शासन चिरस्थाई गर्न सयादोलाई दान दिएका थिए।

त्यस समय राजा मिनडोनले माण्डलेमा चारसय भन्दा बढी विहारहरू बनाएका थिए। त्यस समय प्रत्येक बिहारमा दुई-दुई हजार भिक्षुहरू बस्दथे। यो समय बुद्ध शासनमा रही परियत्ति र पतिपत्ति अध्ययन गर्नेहरूको अधिक संख्या भएको समय थियो। भिक्षु ञाण धजले त्यहाँ अध्ययन गरिरहँदा माण्डलेमा अस्सी हजार भन्दा बढी भिक्षुहरू थिए। त्यहाँ दश वर्ष बसेर उनले सम्पूर्ण त्रिपिटक, अट्ठकथा र टिकाको विस्तृत गरे । भिक्षुहरूको नियम बिनयका २२७ सुत्तहरूको समूहगानमा भिक्षु ञाणधजले नेतृत्त्व गर्नु हुन्थ्यो, जुन अति स्पष्ट र रसिलो हुन्थ्यो।



Downloaded from http://www.dhamma.digital

सन् १८७१ मा पाँचौ संगायन बर्माको माण्डले राज भवनमा भएको थियो । राजा मिनडोनको सहयोगमा भएको यस संगायनको अध्यक्षता भदन्त जगरा सयादो, भदन्त नरिन्दा सयादो र भदन्त सुमंगल सयादोले गर्नु भएको थियो । यस संगायनमा विभिन्न राष्ट्रहरूबाट करीब ६०० जना भिक्षुहरू सहभागी भएका थिए ।

पाँचौ संगायनमा त्रिपिटकका सारा ग्रन्थहरू भिक्षुहरूद्वारा पाठ गरिएको थियो । संगायनमा सहभागी भएका भिक्षुहरूलाई विभिन्न समूहमा बिभाजन गरी पाठ गराइएको थियो । सेन्टक्याउङ्ग टेकका भिक्षुहरूले विनय पिटक, सालिनक्याउङ्ग टेकका भिक्षुहरूले सुत्त पिटक पाठ गरेका थिए । यस वृहत संघायनमा भिक्षु ञाण धजले अभिधर्मको कथावत्थु पाठ गरेका थिए । उनको यस कार्यको प्रशंसा ब्यक्त गर्दै भिक्षु संघ, राजा मिनडोन तथा जनमानसले उनलाई सम्मानित गरेका थिए । यस पाचौं संगायन पछि शुद्ध गरिएका त्रिपिटकका ७२९ सुत्रहरूलाई मार्वलका स्लायबमा कुँडेर माण्डलेको कुवोडो पागोडोमा राखिएको थियो, जुन अद्यपी सुरक्षित छन् ।

सांक्यौङ्ग टेकमा रहनु हुँदा भिक्षु ञाण धजले आफ्नो अध्ययनलाई यथावत कायम गरिराखेका थिए । उहाँले त्यहाँ त्रिपिटकका सम्पूर्ण ग्रन्थहरू, कथावत्थु, टिका-अनु टिकाहरू गहन अध्ययन गर्नु भयो । उहाँले समय–समयमा आफ्ना २००० सहपाठी बिचमा अभिधर्मको विषयमा प्रवचन दिनु हुन्थ्यो । उहाँ अभिधर्म तथा पालि ब्याकरण सिकाउन निक्कै प्रखर हुनु हुन्थ्यो । उहाँ त्यस समय सम्मका गन्यमान्य भिक्षुहरू मध्ये एक जना मानिन्थे । पाँचौं संगायनमा उहाँले गर्नु भएको अभिधर्मको पाठ र उहाँ उपसम्पदा भएको दश वर्ष भएको उपलक्षमा सन् १८७७ मा उहाँलाई ससन्मानित गरेर राजा द्वारा “पठम-सच्च” नामक उपाधिबाट विभूषित गरिएको थियो ।

भिक्षु ञाणधज सांक्यौङ्ग तेकमा करिब सोह्र वर्ष बस्नुभयो । एक पटक सांक्यौङ्ग तेकका सयादोले दुई हजार जना भिक्षुहरू सामू बुद्ध, प्रत्येक बुद्ध तथा श्रावकहरूका पारमीका बारेमा बीस वटा प्रश्न गरेका थिए । भिक्षु ञाणधजले ती प्रश्नहरूको उत्तर सन्तोषजनक रूपमा दिएर सयादो तथा अन्य भिक्षुहरूलाई मुग्ध पारेका थिए । ती उत्तरलाई संम्पादन गरी उनले पछि “पारमी दीपनी (The Manual of Perfection)” नामक पुस्तक निकाले ।

प्रत्येक उपोसथका दिनमा ऊ ञाणधज, ऊ ल्हाईङ्ग कहाँ भेट्न जानु हुन्थ्यो । उहाँ त्यस प्रान्तका मन्त्री हुन्नुहुन्थ्यो । उनी विभिन्न विषयका विज्ञ हुनुका साथै एक लेखकको रूपमा पनि प्रसिद्ध हुनुहुन्थ्यो । ऊ ञाणधजले उहाँ संग धेरै समय बिताउनु भयो र लोकिय तथा लोकोत्तरका विषयमा थुप्रै प्रवचन सुन्ने, वाद विवाद गरी ज्ञान हासिल गर्ने मौका पाउनु भयो । एक समय स्वे ये सउङ्ग सयादोले मन आउङ्ग सयादोलाई निगम गाथा पालिबाट म्यानमारको भाषामा उल्ठागर्न अह्राउनु भयो । आउङ्ग सायादोले यो कार्य साँक्यौङ्ग सयादोलाई सुम्पियो फेरि सांक्यौङ्ग सयादोले ऊ ञाणधजलाई यो काम जिम्मा लगाउनु भयो। ती सुत्रहरू बुझ्न र त्यसलाई उल्ठा गर्नु सजिलो कार्य थिएन । तर ऊ ञाणधजले यसलाई सरल भाषामा स्पष्ट अनुवाद गर्नुभयो यस उत्कृष्ट कार्यले सयादो एकदम प्रसन्न हुनु भयो ।

त्यस समय अभिधर्म पढ्ने विद्यार्थीहरूका लागि पुस्तकको समस्या थियो । सिंहली भाषामा भदन्त सुमंगलसामीद्वारा लेखेको अभिधम्मत्थ विभावनी टिका मात्रै थिए जस्मा थुप्रै त्रुटीहरू पाइन्थ्यो। त्यही पुस्तकबाट नै म्यान्मारमा पालि ग्रामर पढाईन्थ्यो । यस समस्याको बारेमा सुईको पाउने वित्तिकै ऊ ञाणधजले अभिधर्मको टिका र पालि भाषाका नयाँ ब्याकरण लेख्नु भयो ।

सन् १८७९ मा राजा मिनडोनका पुत्रले राज्य भार सम्हाल्नु भयो । उनको शासनको तीन वर्ष पछि माण्डलेको राजधानी सांक्यौङ्ग तेकको राज भवनमा ठूलो आगलागी भयो । जस्मा ऊ ञाण धजले आफ्ना थुप्रै पुस्तकहरू, लेखहरू, नोटहरू गुमाउनु पर्यो । उहाँले सोह्र वर्ष सांक्यौङ्ग तेकमा बिताउनु भयो । जसमध्ये नौ वर्ष विद्यार्थीको रूपमा र सात वर्ष गुरूको रूपमा बिताउनु भयो । त्यहाँ बस्नु हुँदा संघको सेवागर्ने ठूलो मौका पाउनु भयो । उहाँ प्रत्येक सौचालय सफा गर्ने, खाने पानी भर्ने, सौचालयमा पानी भर्ने, भिक्षुहरूलाई नुहाउने पानी भर्ने गर्नुहुन्थ्यो । प्रत्येक दिन पूरा विहार बढार्नु हुन्थ्यो । त्यस आगलागी पछि उहाँ सांक्यौङ्ग तेक छोडेर फेरि मोनिवा जानुभयो ।

मोनिवामा उहाँले केहि वर्षावास बिताउनु भयो ।



Downloaded from http://www.dhamma.digital

एक समय वर्षावासको अन्तिम समयमा उहाँ विहार त्यागेर जंगल पस्नु भयो। केहि दिन पछि जंगलको माझ एउटा रूखमुनी केवल एकजोरचीवरको सहारामा बसीरहेको भेट्टाए। यस जंगलको नाम लेडि थियो। घना झारले ढाकिएको यस जंगलमा थुप्रै जंगली जनावर तथा चराचुरूङ्गी पाइन्थ्यो। केही गाउँलेहरूले जंगलको बाहिरी भाग फाँडेर खेती योग्य बनाएका थिए। म्यानमारको भाषामा 'ले' को अर्थ खेत हुन्छ र 'टि' अथवा 'डि' को अर्थ खोजिएको भन्ने हुन्छ र 'टाव' भनेको जंगल हो। यसरी यस नयाँ भूभागको नामाकरण "लेटिटाव" अर्थात् खोजिएको खेतीयोग्य जंगल भन्ने हुन्छ। पछि यस्को नाम बडलिंदै लेडि टावया हुन गयो।

सयाको अर्थ बर्मी भाषामा गुरू अथवा शिक्षक भन्ने हुन्छ 'दो' वा 'टो' को अर्थ ठूलो वा पूजनीय भन्ने हुन्छ। सयादो यस जंगलको मध्य भागमा बस्नु हुन्थ्यो, जहाँ बसेर ध्यान भावना गर्नु हुन्थ्यो। उहाँले पछि छुट्टा-छुट्टै भावना गर्ने विहार र पढ्ने विहारको स्थापना गर्नु भयो। यस ठाउँको नामबाट उहाँको नाम पनि "लेडी सयादो" र "लेडि विहार" को नामबाट प्रख्यात हुन गयो।

त्यस समयमा उहाँले गाई र गोरूको मासु नखानको लागि गृहस्थहरूलाई पढाउनु भयो। गोरू जस्ले हाम्रो खेत जोतेर हाम्रो परिवारको लागि खाना दिन्छ, त्यो बाबु जस्तै हो। त्यस्तै गाईले हाम्रा नानीहरूलाई दूध खुवाउँछ त्यो आमा समान हो। त्यसैले गाई र गोरू हाम्रा आमा-बुबा जस्तै हुन्। यिनीहरूको मासु खानु हुन्न भन्ने पाठ पढाउनु भयो। उहाँले यसको जागरण ल्याउन खुल्ला चिट्ठीहरू लेखी बाँध्नु भयो। जस्को प्रभाव समाजमा पऱ्यो।

त्यस समयमा लेडि विहारमा जाने-आउने उपासकहरूलाई जनावरहरूको समस्या थियो, सयादोले मैत्री भावनाद्वारा यस समस्यालाई सुल्झाउनु भयो। यसै समयदेखि उहाँ लेडि सयादोको रूपमा चिनिनु भयो। यसै समयमा उहाँका तीन जना शिष्य भिक्षुहरू लेडि विहारमा बस्न आए ता कि उनीहरूले त्रिपिटक पनि पढ्ने अवसर पाउन् र सयादोको हेरचाह पनि गर्न सकुन्। यसरी पढ्ने भिक्षु शिष्यहरू र श्रद्धालु गृहस्थहरूको संख्यामा विस्तारै बृद्धि हुँदै गयो। यसरी टाढा टाढाका भिक्षुहरू सयादो संग धर्म ग्रन्थ तथा साधना सिक्न आउन थाले पछि उनीहरूले निवासका लागि विहारहरू बनाए। भोजनशाला बनाए, पाठशाला बनाए। त्यस्तै ध्यान गर्ने हलहरू, खाने पानीको लागि ईनार, शौचालय, सा-साना छाप्राहरू, चैत्य आदि बनाउँदै गए। यी विहारहरूको नामाकरण "साधुजनपासादिकाराम" भन्ने राखियो जस्को अर्थ मानिसहरूलाई प्रसन्न गर्ने आराम गृह भन्ने हुन्छ। त्यस्तै भिक्षु बनाउने हललाई "शासन सोभिनी सीमा" राखियो। उहाँ चालीस वर्षको हुँदा ञाणधज बाट लेडि सयादो को रूपमा प्रसिद्ध हुनुभयो। उहाँले लेडि संगठनको स्थापना गर्नु भयो। यस पछिका बाह्र वर्ष विभिन्न प्रान्तबाट आएका भिक्षुहरूलाई त्रिपिटक सिकाउने काममा विताउनु भयो। उहाँ बिरामी भिक्षुहरूको सुश्रुषा पनि गर्नु हुन्थ्यो।

उहाँले 'अभिधर्म विभावनी टिका' नामक सिंहली लेखकले लेख्नु भएको पुस्तकमा रहेका दुईसय तीसवटा त्रुटीहरू निकालि नयाँ पुस्तक '**परमत्थ दीपनी**' लेख्नु भयो। यो पुस्तक अभिधर्म पढ्ने तथा पढाउने शिक्षकहरूका लागि अतुलनीय सहायक ग्रन्थ हुन गयो। त्यस्तै उहाँले पालि टिका **लक्षण दीपनी**, उपोसथ शील विनिच्छय आदि ग्रन्थ लेख्नु भयो।

उहाँले पछि बुद्धको जन्म संग सम्बन्धित स्थलहरूको यात्रा गर्नु भयो। बौद्धगया, सारनाथ, राजगृह, श्रावस्ती, लुम्बिनीको भ्रमण गर्नु भयो। भ्रमणको क्रममा माण्डलेबाट रंगून ट्रेनमा जानुभयो, त्यहाँबाट पानी जहाजबाट कोलकाटा जानुभयो। यस यात्रा अवधिमा उहाँले **प्रतित्यसमुत्पाद** लेख्नु भयो र त्यहाँबाट रंगून फर्किनु हुँदा **प्रतित्यसमुत्पाद दीपनी** लेख्नु भयो। पछिका केही वर्षमा उहाँले वर्षावासको महिना साधनामा बिताउनु हुन्थ्यो त बाँकि महिना लेखन कार्यमा बिताउनु हुन्थ्यो।

उहाँ पच्चास वर्षको हुनुहुँदा सपागान विहारमा बस्नुभयो जुन जंगलको मध्य भागमा पर्दथ्यो। उहाँले त्यहाँ बसी 'The Lion's Roar' नामक कविता लेखी आफ्ना पूर्वज गुरूहरूलाई दिनुभयो। यस कविताको आधारमा उनले चौथौं ध्यान प्राप्त गरेको भन्ने स्पष्ट थियो। त्यसपछि **पुत्रोवाद-कम्मठ्ठान** र **विज्जामग्ग दीपनी** लेख्नुभयो। उहाँ ऊ तिलोकको निमन्त्रणामा मोन प्रान्त जानु भयो। त्यहाँ उनका पूर्व शिष्यहरू ऊ तिलोक लगायत ऊ नन्दमाल, ऊ विशुद्ध, ऊ जवन, ऊ शोभन



Downloaded from http://www.dhamma.digital

र ऊ सुन्दरा संग रात दिन साधना गर्नुभयो ।

लेडि सयादो पचपन्न वर्षको हुँदा चिनविन नदीको नजिकै रहेको स्वे टौङ्ग पहाडको ढुङ्गाको गुफामा बस्नुभयो । त्यहाँ बसेर उहाँले तीनवटा किताब आहार दीपनी, अनत्त दीपनी र धम्म दीपनी लेख्नु भयो । एक वर्ष पछि त्यहाँबाट चिनविन नदीको उत्तर तर्फ लाटपान्तौङ्ग (Latpantaung) जानुभयो र यहाँ बसेर ध्यान गर्नका साथै पाँचवटा किताब सम्मादिट्ठी दीपनी, चतुसच्च दीपनी, कमट्ठान दीपनी, परमत्थ संक्षेप र निरूती दीपनी लेख्नु भयो । यसरी उहाँले पटक पटक गरेर जम्मा ७६ वटा दीपनीहरू लेख्नु भयो जुन सम्पादन गरी 'The Manuals of Dhamma' नामक पुस्तकको रूपमा हाल प्रकाशित गरिएको छ ।

लेडि सयादोका शिष्यहरू मध्ये उहाँसंग सिकेको साधना विधिलाई यथावत अभ्यास गरि प्रचार गर्ने गृहस्थ शिष्य सया थेत्जी हुनुहुन्छ । ऊ थेत्जीले लेडि सयादो संगै करिब सात वर्ष रहनु भयो । लेडि सयादोले ऊ थेत्जीलाई धर्म सिकाउनको लागि समाधि र प्रज्ञाको धेरै अभ्यास गर्न सल्लाह दिनु भयो ।

सन् १९१४ मा पहिलो पल्ट सया थेत्जीले करिब पन्ध्र जनाको समूहलाई आनापान सिकाउनुभयो । लेडि सयादो ७० वर्षको हुनुहुँदा सया थेत्जी आफ्नो परिवार सहित आएर मोनिवा बस्नु भयो ता कि उहाँको रेखदेख राम्ररी गर्न सकुन् । त्यहाँ थेत्जीले आफूले गरेको अनुभवका सबै कुरा सुनाए, लेडि सयादो एकदम प्रसन्न हुनुभयो । एक समय लेडि सयादोले आफ्नो दण्डा दिनु हुँदै भन्नुभयो हेर ! ए मेरो शिष्य, यो दण्डा लेऊ र अगाडि बढ । तिमी धर्मको नाम र रूपकोबारेमा सिकाऊ । मेरो बदलामा बुद्ध शासनको रक्षा गर ।

दोश्रो दिन लेडि सयादोले विहारमा भिक्षुहरू जम्मा गर्नु भयो र उनीहरूलाई ऊ थेत्जीले दश-पन्ध्र दिनसम्म निर्देशन दिनको लागि भन्नुभयो । सबै भिक्षुहरूको सामू सयादोले भन्नुभयो "यो गृहस्थ साधक ऊ पो थेत् म जस्तै ध्यान सिकाउन सक्छ । तिमीहरू मध्ये कसैलाई साधना सिक्न मन छ भने उ संग सिक र अभ्यासमा लाग । उ यो विहारमा धर्मको झण्डा भईफरफराउने छ ।" त्यस पछिका दिनहरूमा ऊ थेतले २५ जना साधकहरूलाई धर्म सिकाउने भयो । त्यसपछि उनी सया थेत्जीको नामले चिनिन थाल्यो । उहाँ ध्यान गुरुका रूपमा प्रसिद्ध हुन थाल्यो । उनको निवास रंगूनबाट नजिकै थियो । त्यसकारण सरकारी अफिसमा कार्यरत कर्मचारीहरू, शहर निवासी ब्यक्तिहरू उहाँसंग धर्म सिक्न आउन थाले । उहाँ अनागामी भएको मानिन्छ त्यसैले उनलाई 'अनागाम सया थेत्जी' भने चिनिन्छ ।

सन् १९१२ मा लेडि सयादोलाई 'अग्गमहापण्डित' पदबाट विभूषित गरियो । यसरी ब्रिटिश सरकारद्वारा यस पदबाट विभूषित हुने उहाँ पहिलो ब्यक्ति हुनुहुन्थ्यो । उहाँलाई रंगून विश्वविद्यालयले पनि साहित्यमा डक्टरेटको उपाधिद्वारा सन्मान गरेको थियो ।

उहाँले जीवनको अन्तिम दुई वर्ष लेडि सान क्यौंङ्गमा विताउनु भयो । उहाँको जीवनकालको अन्तिम दिनहरूमा उहाँको आँखाको ज्योति कम भयो । धेरै समय लेख्ने पढ्ने कार्यमा ब्यतित गरेको कारण यस्तो हुन गयो । ७३ वर्षको हुनुहुँदा पूर्ण रूपमा अन्धो हुनुभयो । ७७ वर्षको उमेरमा सन् १९२३ मा उहाँको निधन भयो । धर्मको एउटा प्रज्वलीत दीप निभ्यो ।

उहाँले दिनु भएको जिम्मेवारी सया थेत्जीले यथावत् कायम गरि राख्नु भयो । उहाँ संग ऊ वा खिनले विपश्यना सिक्नुभयो । ऊबा खिन संग सत्य नारायण गोयन्काजीले सिक्नु भयो । यसरी गुरू शिष्य परम्परा द्वारा बुद्धको उपदेश जनताले अटुट रूपमा सिक्न पाईरहेका छन् । *(साभार- द मानुएलस् अफ धम्म वि.वि.वि.)*

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| *२०७१ भाद्र–आश्विन* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| भाद्र १७ गते, मंगलवार, अष्टमी | वण्णवती | वीर्यवती |
| भाद्र २४ गते, मंगलवार, पूर्णिमा | अमता | धम्मवती |
| भाद्र ३१ गते, मंगलवार, अष्टमी | क्षान्तिवती | दानवती |
| आश्विन १ गते, बुधवार, संक्रान्ति | शुभवती | पञ्ञावती |
| आश्विन ८ गते, औंशी | अमता | केशावती |

**"मूर्खलाई पाप गर्दा दुःख हुन्छ भन्ने ज्ञान हुँदैन, पछि आफ्नो कर्मको फल भोग्ने बेलामा उसलाई आगोले झैं पोल्ने पछुतो हुन्छ ।" – बुद्ध वचन**



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–७

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

भौतिक उपार्जनको लागि आधुनिक मानिस प्रकृतिको विनाश गर्दैछ । तथाकथित सुख र सुविधाको खोजमा यति व्यस्त छ कि जीवनको वास्तविक उद्देश्य के हो भन्ने नै उसले बुझ्न सकेको छैन । मानवीय जीवनको अर्थ र यसको उद्देश्य नै सही रूपमा नबुझ्नाले नै मानिसहरू आज जसरी गलत तरिकाको व्यवहार र जीवन पद्धति अपनाउँदै छन् । यहि नै आजको नैराश्यता, डर असुरक्षा र असहिष्णुताका कारणहरू हुन् ।

वास्तवमा आजपनि धर्मको नाममा असहिष्णुताको अभ्यास हुँदैछ । मानिसहरू केवल धर्मको कुरा गर्छन् र स्वर्गको छोटो बाटो देखाइदिने वचन दिन्छन् । तर धर्मको अभ्यास गर्न भने उनीहरू उत्साहित हुन्नन् । यदि क्रिश्चियनहरू क्राइष्टको धर्मोपदेश अनुसार रहे भने, यदि बौद्धहरू आर्य अष्टांगिक मार्गमा हिँड्दछन् भने, मुसलमानहरू भ्रातृत्व भावलाई अंगाल्दछन् भने र हिन्दुहरू परमात्मासँगको योगतर्फ अग्रसर हुन्छन् भने निश्चित रूपमा यस संसारमा शान्ति र एकता कायम हुन्थ्यो । महान धार्मिक गुरूहरूका यस्ता अमूल्य शिक्षा छँदाछँदै पनि मानिसहरूले अझसम्म पनि सहिष्णुताको महत्त्व बुझ्न सकेका छैनन् । धर्मको नाममा सिकाइने असहिष्णुता ज्यादै लज्जाजनक र शोचनीय छन् ।

बुद्धको शिक्षा छ– 'हामीलाई घृणा गर्नेलाई पनि घृणा नगरी सुखी भई बाँचौं । घृणा रहित भई बाँचौं । दूर्भावनाबाट अलग्ग भई बाँचौं । लोभीहरूको माझमा पनि निर्लोभी भई सुखपूर्वक बाँचौं । (धम्मपद १९७,२००)

## बौद्ध अन्त्येष्टि क्रिया

**साँच्चैको बौद्ध अन्त्येष्टि क्रिया साधारण, सरल पवित्र र गौरवपूर्ण धार्मिक संस्कार हो ।**

साँच्चैको बौद्ध अन्त्येष्टि क्रिया साधारण, सरल पवित्र र गौरवपूर्ण धार्मिक संस्कार हो । साँच्चैको बौद्ध रीति हो भन्नेकुरा कतिपय बौद्ध मुलुकहरूमा देख्न पाइन्छ । दुर्भाग्यवश, केहि मानिसले यसमा धेरै अनावश्यक, अतिरिक्त विषय र अन्धविश्वासपूर्ण कुराहरू समावेश गरि दिए । ती अतिरिक्त विषय र कार्यहरू मानिसहरूको रीतिरिवाज अनुरूप फरक-फरक हुन्छन् । तिनीहरूले यी कुराहरू जीवनको प्रकृति, मृत्युको स्वभाव र मृत्युपछिको जीवनबारे अनजान मानिसहरूलाई धेरै अगाडि देखि नै सिकाउँदै आएका थिए । जब यस्ता धारणाहरू बौद्ध संस्कारमा सम्मिलित भए, तब मानिसहरूले अत्येष्टि क्रिया धेरै खर्चालु भयो भनी बुद्धधर्मलाई समेत दोष दिन थाले । यदि बुद्धको शिक्षा र बौद्ध परम्पराबारे ज्ञान हुने कसैसंग अन्त्येष्टि क्रियाबारे सोधेको खण्डमा उसबाट ठीक तरिका थाहा पाउन सकिन्छ । तर मानिसहरूलाई बुद्ध धर्मले अमूल्य समय र धेरै धन खर्च गर्न लगाउँछ भनी उनीहरूमा भ्रम फैलाइराखेको छ । वास्तवमा बुद्धधर्मले आधारहीन रीतिरिवाज सिकाउँदैन भन्ने कुरा बुझ्नु अत्यावश्यक छ । शवलाई गाड्ने वा दाह गर्ने कुरामा बौद्धहरू त्यति कट्टर छैनन् । कतिपय बौद्ध मुलुकमा दाह गर्ने चलन छ । स्वास्थ्यको दृष्टिकोण र आर्थिक दृष्टिकोणले हेर्दा शव दाह गर्नु राम्रो देखिन्छ । आज संसारमा जनसंख्या बृद्धि हुँदै गइरहेको छ र यदि हामीले शवलाई जमीनमुनि गाड्दै जाने हो भने पछि गएर जीवित मानिस रहने ठाउँ नै पाउन मुस्किल हुनेछ ।

शव दाहको विरोध गर्ने मानिसहरू अझै पनि छन् । शव दाहलाई तिनीहरू ईश्वरको न्याय प्रतिकूल ठान्दछन् । त्यस्तै कतिपय कुराहरूमा यिनीहरू विरोध गर्दछन् । यस्ता व्यक्तिहरूलाई शव गाड्नुभन्दा दाह गर्नु बढि उचित छ भनी बुझाउन केहि समय लाग्न सक्छ ।

एकदिन कोही व्यक्ति आएर चिहानबाट वा शव भस्म राखेको स्थानबाट मरेको व्यक्तिलाई लिएर जान्छ र स्वर्ग वा नर्कमा पठाउने निधो उसले गर्छ भन्ने कुरामा बौद्धहरू विश्वास गर्दैनन् ।

मृत व्यक्तिको चेतना वा मानसिक शक्ति र अस्थिपंजर वा मृत शरीरसँग कुनै सम्बन्ध रहँदैन । कोही मानिस यस्तो पनि विश्वास गर्छन् कि मृत शरीरलाई राम्ररी गाडिएन वा चिहानमा राम्ररी छोपिएन भने त्यसको आत्मा संसारको चारै कुनामा गएर रून्छ र कहिलेकाहिं आफन्तहरूलाई दुःख दिन आउँछ । यस्ता धारणाहरू बुद्धधर्ममा कहिं पाइँदैन ।



Downloaded from http://www.dhamma.digital

बौद्ध धारणा अनुसार कोही व्यक्ति मरेपछि उसको आफ्नो असल वा खराब कार्यहरूको फलस्वरूप यथोचित स्थानमा पुनर्जन्म हुन्छ। जवसम्म जीवनको तृष्णा रहन्छ, तबसम्म पुनर्जन्म लिनै पर्छ । जसले आफ्ना सबै लालसाहरू त्यागेर अरहन्त बनीसके, तिनीहरूको मात्रै मृत्यु पछि पुनर्जन्म हुँदैन । तिनीहरूले आफ्नो अन्तिम निर्वाण प्राप्त गर्छन् ।

## आत्म समर्पण होइन

**कसैमाथि आश्रित हुनु आत्म विश्वास र आत्म उत्साहको आत्म समर्पण हो ।**

बुद्धधर्म एक सभ्य धर्म हो जसमा समानता, न्याय र शान्तिको अत्यन्त प्रबलता छ। मुक्तिको लागि अरूमा भर पर्नु नकारात्मक पक्ष हो, आफ्नै भर पर्नु सकारात्मक पक्ष हो । अरूमाथि आश्रित हुनु भन्नु नै आफ्नो विवेक, वुद्धि, उत्साह र उद्योगको आत्म समर्पण गर्नु हो ।

मानवताको उत्थान र विकास जतिपनि भए, मानिस आफू स्वयंले गरेका हुन् । मानिसको उन्नति उसको आफ्नै ज्ञान, समझदारी, उद्योग र अनुभवबाट मात्र हुन्छ नकि आकाश वा स्वर्गबाट । मानिस प्रकृतिको ठूलठूला शक्तिहरूको समेत दास बन्न हुँदैन । बेलाबखतमा प्रकृतिका बलवान शक्तिहरूबाट मानिसहरू प्रभावित भएपनि प्राकृतिक शक्तिको स्वभाव र वास्तविकतालाई बुझेर ऊ त्यस शक्तिभन्दा उच्च बन्न सक्छ। बुद्धधर्मले यी सत्यलाई प्रकाशमा ल्याएको छ– मानिस आफ्नो समझदारीबाट उसको आफ्नो वरिपरिका वातावरणलाई आफ्नो नियन्त्रणमा लिन समर्थ हुन सक्छ। ऊ प्रकृतिको प्रकोपबाट बच्न सक्छ र तिनै शक्तिहरूलाई उपयोग गरी ऊ आफूलाई आध्यात्मिकता र सत्यताको उच्चतम तहसम्म पुग्न सक्छ ।

यी उपलब्धीहरू प्राप्तिका लागि बुद्धधर्मले मानिस स्वयंको ज्ञान र उद्योगलाई श्रेय दिएका छन् नकि अलौकिक शक्तिलाई । सत्य धर्मको अर्थ अदृश्य शक्तिहरूमा विश्वास गर्नु, होइन, बरू मानिसको असल कार्यमा विश्वास हो । यस अर्थमा, बुद्धधर्म केवल एक धर्ममात्र होइन, यो त आदर्शमय जीवन जिएर शान्ति र स्थायी मुक्ति प्राप्त गर्ने एक श्रेष्ठतम तरिका हो। बुद्धधर्मले सुसंस्कृत र बुद्धिमान व्यक्तिहरूलाई सदैव आकर्षित गरेको छ ।

*क्रमशः*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**







*जन्म :*
*१९९८ आश्विन, नवमी*

*दिवंगत :*
*विसं २०७१ श्रावण १० औंशी*

**दिवंगत नरमबाबा श्रेष्ठ**

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **नरमबाबा श्रेष्ठ** दिवंगत हुनुभएकोले उहाँका परिवारले यस दुःखद् घडीमा संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म)लाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दछौं ।

साथै दिवंगत नरमबाबालाई सद्गति प्राप्त होस् भनी पुण्यानुमोदन गर्दछौं ।

wd{§Llt{klqsf kl/jf/

**धर्मकीर्ति विहार**

श्रीघः नघः, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-५

मूल पालि अनुवादक - **भिक्षु अमृतानन्द**
नेपाली अनुवादिका - **शरणशीला**



*(५) सपना देखेको दृश्य– एउटा घोडाको दुईवटा खाने मुख। ती दुवै खाने मुखहरूबाट त्यस घोडाले दाना चपाइरहेको दृश्य।*



*अर्थ– कलियुगमा न्यायाधिशहरूसँग न्याय धर्म हुँदैनन्। त्यसैले उनीहरूले मुद्दा छिन्ने बेलामा वादी प्रतिवादी दुबै तर्फबाट घूस खाइरहेका हुन्छन्।*



Downloaded from http://www.dhamma.digital

(५) "भन्ते ! दुईवटा मुख भएको एउटा घोडालाई दुवैतिरबाट दाना दिइराखेको थियो । उनले दुवै मुखबाट दुवैतिरबाट दाना खाए । यो पाँचौ सपना हो । यसको के फल होला ?"

"महाराज ! यसको फल पनि अनागतमा अधार्मिक राजाहरूको पालामा हुनेछ । अनागतमा अधार्मिक मूर्ख राजाहरूले, अधर्मी र लोभीहरूलाई न्यायाधिश बनाउने छन् । उनीहरूले वादी, प्रतिवादी दुबैतर्फबाट घूस खाने छन्– उनीहरूको दुईवटा मुख भएको घोडाले दुवैतिरबाट खाना खाए झैं । यसको कारणले पनि तपाँलाई केही हानि हुने छैन । छैठौं सपनाको बारेमा सुनाउनुहोस् ।"

(६) "भन्ते ! मानिसहरूले हजार रूपैयाँ मूल्य पर्ने एउटा सुनको थाल सफा हुने गरी पखालेर ल्याएर एउटा बूढो स्याललाई "यसमा मुत ।" भनी राखिदिए । स्यालले त्यसमा मुते । यो छैठौं सपना हो यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमा हुनेछ । अनागतमा अधर्मी र बेजाति राजाहरूले जातिवान कुलपुत्रहरू – ऊपर शंका राखी उनीहरूलाई यश दिने छैनन् । अकुलीनहरूको वृद्धि गर्ने छन् ।




*(६) सपना देखेको दृश्य– एउटा स्याललाई अमूल्य सुनको भाँडोमा पिसाब गराइएको दृश्य*

*"निर्वस्त्र बसेर, जटा पालेर, हिलोमा लडबडिएर, भोकै बसेर, भुईंमा सुतेर, खरानी दलेर बस्दैमा शुद्धात्मा बन्न सकिंदैन ।"   - बुद्धहरूको वचन*



Downloaded from http://www.dhamma.digital



*अर्थ– कलियुगमा नीच कुलका व्यक्तिहरूलाई उच्च कुलका चेलीबेटी विवाह गराई उनीहरूको चाकडी गर्ने चलन चल्नेछ ।*

यस प्रकारले महान कुलका व्यक्तिहरूलाई दुर्गति (= विनाश) प्राप्त हुनेछ र नीच कुलका व्यक्तिहरूलाई ऐश्वर्य प्राप्त हुनेछ। महान कुलका मानिसहरूले जीविका गर्न नसकी, "यिनीहरूको आश्रय लिएर जीविका गर्नुपर्‍यो" भनी अकुलीनहरूलाई आफ्ना छोरीहरू दिने छन् । यस रूपले बूढो स्यालले सुनको थालमा मुते झैं, कुलिन, केटीहरू अकुलीन पुरुषसित बस्नेछन् । यसको कारणले पनि तपाइँलाई हानि हुने छैन । सातौं सपनाको कुरा सुनाउनुहोस् ।" *क्रमशः*

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ भनिन्छ कि, प्रव्रजित भइसकेपछि सिद्धार्थको केश दुई अंगुल जति बाँकी रह्यो । सो केश पछि कहिल्यै बढेन । त्यसैले भगवान् बुद्धले आफ्नो कपाल कहिलै काट्नु परेको थिएन ।

★ त्यसपछि सिद्धार्थ राजगृह जानुभयो । राजगृहको पाण्डव पर्वतमा उहाँले राजा **बिम्बिसार** भेटेका थिए ।

★ सिद्धार्थ र बिम्बिसार बालक कालका साथी थिए । सिद्धार्थ बिम्बिसारभन्दा ५ वर्ष जेठो थियो । उहाँका बुबाहरू - शुद्धोदन र भाति - पनि साथी थिए ।

★ राजगृहबाट निस्की सिद्धार्थ कुमार आलारकालाम र उद्दकरामपुत्र नामक ऋषिहरूकहाँ जानुभयो र योग विद्यामा निपुण हुनुभयो । ती ठाउँहरूमा उहाँले क्रमशः आकिंचन्यायतन र नैवसंज्ञानासंज्ञायतन भन्ने ध्यानहरू प्राप्त गरेका थिए । *साभार- बौद्ध दर्पण*



Downloaded from http://www.dhamma.digital

# अरुको हा–हामा लाग्ने खाल्डोमा पर्छ

✍ **नरेन्द्रनाथ भट्टराई**

धर्मको मार्गमा हिंड्नेलाई, दुःख, पीर, चिन्ता आदिले पक्रन सक्दैन, यो परम सत्य कुरा हो । यस्तो परम सत्य कुरा हुँदा हुँदै पनि धर्मको पथमा लागेका मानिसलाई नै झन अनेक दुःख, पीर चिन्ताले पक्रिरहेको देखिन्छ । यस्तो किन ? यस्तो हुनुको कारण हो, धर्मको मर्म नबुझ्नु । धर्म अन्धविश्वास होइन, जान्ने कुरा हो । परम्परा, सम्प्रदाय, दल, मत धर्म होइन, आश र त्रासमा धर्मको वास हुँदैन । हामीलाई पनि अन्धविश्वास हो इन आत्मविश्वास चाहिन्छ । अन्धविश्वास अर्थात् अर्काको भनाईको पछि लाग्दा नै मानिसले आनन्द पाउनुको सट्टा जीवनमा अशान्ति र अतृप्तिमा डुब्नु परेको छ ।

कुनै गाउँका एकजना ब्राहमणले सहरबाट एउटा बोको किनेर गाउँ जान लागेका थिए । केही ठगहरूले त्यो बोको हत्याउने अठोट गरेर एउटा उपाय रचे । सहरदेखि अलि पर एकजनाले ती बाहुनलाई सोधे– "होइन ! यो कुकूर त खुब राम्रो रहेछ, कहाँबाट ल्याउनु भएको ?" बाहुनले भने– "यो कहाँ कुकूर हो र ! यो त बोका हो नि !" बोको पनि यस्तो हुन्छ ? लौ बा तपाईँले बोको भन्नु भएपछि सायद बोकै होला भनी त्यो ठग गयो । ब्राह्मण मनमनै हाँस्दै, "कस्तो मानिस रहेछ । बोकोलाई कुकूर भन्ने ।" भन्दै त्यो बोकोलाई काँधमा बोकेर गाउँका बाटोतिर लगे । अलि पर अर्को एकजना मानिस भेट भयो । उसले सलाई छ कि चुरोट सल्काउँ भन्दै ब्राहमणलाई रोक्यो । चुरोट सल्काउँदै, कति मायालाग्दो कुकूर । कति पऱ्यो ? किन्नु भएको कि कसैसंग मागेर ल्याएको ?" भनी सोधे । यसपटक ब्राहमणलाई चसक्क भयो । तर पनि यो त बोको पो हो त । कहाँ कुकूर हो र ?" ५० रुपैयाँ तिरेर भर्खरै किनेर ल्याएको भने । त्यो मानिस हाँस्दै– "तपाइँ ब्राह्मण जस्तो देखिनु हुन्छ बाहुन भएर पनि कुकूरलाई बोकेर हिंड्नु हुन्छ । डोऱ्याएर लानुस् भनी त्यो ठग पनि हिंड्यो । पण्डितले बोकोलाई काँधबाट उतारेर राम्ररी हेरे । सिङ्ग छ, खूर छ, ठीक बोका जस्तै छ । बोकै हो भन्दै मनमा अलि अलि शङ्का गर्दै अघि बडे । अलि पर अर्को ठगले नजिकै आएर, "होइन ! यो कुकूरले टोक्छ कि अलि घाँटीनेर डोरीमा समाउनुस् है । भनेर तर्किंदै गयो । अब त पण्डितको शङ्का झन् झन् बढ्न थाल्यो । "मैले बोकै किनेर ल्याएको ! बोकैले जस्तो गरेर कराएको छ । कसरी यी मानिस यसलाई कुकूर भन्छन्! तीन-तीन जनाले भनिसके ! के हो के हो ।" भन्दै विस्तारै विस्तारै गाउँतिर अघि बढे । अलि पर फेरि अर्को ठग भेट भयो । उसले बाहुन बाजेको नजिकै गएर, "आहा ! क्या राम्रो कुकूर बाजेले ल्याउनु भएको रहेछ ! मलाई पनि यस्तै कुकूर पाल्न मन थियो" भनी भन्दा बाजेलाई अब त पूर्ण रुपले पत्यार पऱ्यो । घर लग्यो भने त गाउँघरका मानिसले मलाई के भन्ठान्लान् भन्ने मनमनमा विचार गरेर, "तिमीलाई खूब मन परेको भए लैजाऊ यो कुकूर !" भनी दिएर पठाए । ❖

**– बेहोश अवस्थामा मानिस एक थोकलाई अर्कै थोक देख्दछ । होशको अवस्थामा जो जे जस्तो छ उस्तै देख्दछ । बोहोशबाट होशमा ल्याउने ज्ञानलाई नै अध्यात्मिक ज्ञान भनिन्छ । होशमा रहनु नै धर्म हो, होशमा रहने मानिसनै धर्मात्मा हो ।**


**– फोटो प्लेट अथवा नेगे टिभमा एक पटकमात्र पनि प्रकाश पर्न गयो भने त्यसमा फोटो खिचिंदैन । त्यसरी नै हाम्रो चित्तमा पनि संसारको त्रिलक्षण स्वभावको प्रकाश एकपटक मात्र पर्न गयो भने फेरि त्यो चित्तमा संसाररुपी चित्र खिचिंदैन ।**

*साभार- परमात्माको दर्शन (चिन्तनद्वारा)*

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ सिद्धार्थ जन्मेको सातौं दिनमा उहाँकी आमा महामायादेवी परलोक भइन् । त्यसपछि सिद्धार्थलाई उहाँकी कान्छीआमा प्रजापति गौतमीले हुर्काइन् । (तु० ११७)

*साभार- बौद्ध दर्पण*





Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–१६

*अनुवाद*– देवकाजी शाक्य

– १४२ –

– असल वा खराब कर्मिक न्याय असल वा खराब ईच्छाबाट आउँछ। तिमी तिम्रै इच्छाको मालिक हौ।

– १४३ –

– पूर्ण गोलो चन्द्रमाको कामना नगरः पूर्ण प्राप्ति नहुनुमा पनि सौन्दर्य हुन्छ।

– सम्पत्ति नखोज। सम्पत्ति विनाको सुख धन हो।

– १४४ –

– सम्बोधि लाभतिरका साना साना पाइलाहरूले अन्तमा सम्बोधि लाभमा पुऱ्याउँछ।

– सञ्चय गरिएका साना साना कारणहरू र परिस्थितिहरूले आखिरमा महान कारणहरू र परिस्थितिहरू भेट्टाउँछन्।

– १४५ –

– हावाको झोंका नपरेसम्म पानी शान्त रहन्छ।

– अनाकर्षणहरूले नहल्लाएसम्म चित्त दृढ रहन्छ।

– १४६ –

– पाप कर्मले कर्म विपाक भोग गर्न लगाउँछ।

– कर्मफलले तिम्रो ऋण तिर्दै मुक्तितिर डोऱ्याउँछ।

– १४७ –

– हँसीठट्टा ध्यानयुक्त प्रज्ञा चित्त हो जुन तिमी माथि नै हाँस्छ अरुमाथि होइन।

– १४८ –

– कारण-परिणामको नियम भाग्य होइनः भाग्यको सामुन्ने झुक्नेले उन्नति गर्न सक्तैन।

– कार्यहरूद्वारा कर्मिक न्याय निर्णय हुन्छन्। जो चिन्तन विना काम गर्छन, उसले कर्मिक पुण्य आर्जन गर्न सक्तैन।

– १४९ –

– आमाबाबु सन्ततिका लागि आदर्श नमूनाहरू हुन्।

– शिक्षकहरू विद्यार्थीहरूका लागि आदर्श नमूनाहरू हुन्।

– साधुसन्तहरू वयस्कहरूका लागि आदर्श नमूनाहरू हुन्।

– बुद्ध सबैका लागि नै आदर्श उदाहरण हुन्।

– १५० –

– जरा सहित एउटा रूख वसन्तको वर्षापछि बढ्छ र हुर्कन्छ, फल्छ फुल्दछ।

– पखेटासहित एउटा चरा शरदको हावामा कावा खान्छ।

– सद्गुण भएका मानिसहरूलाई उचित समय आएपछि आदर गरिन्छ।

– ताओ (मार्ग) को साथ कारणहरू र परिस्थितिहरूले तिमीलाई अज्ञानता माथि विजय हासिल गरी बुद्ध प्रकृति प्राप्त गर्न मद्दत गर्छ।

– १५१ –

– पुरस्कारको चाहना गरी लाखौ रूपैया दान प्रदान गर्दा पनि पुण्य प्राप्त हुँदैन।

– कुनै आसक्ति विना दान दिएको एक दाना चामल हजारौं मुरी समान हुन्छ।

– १५२ –

– आस्था र विश्वास शरीर र मनका गहना हुन्।

– श्रद्धा तिम्रो साथ हिंड्ने लौरो हो।

– श्रद्धा विश्वास तिम्रो भाग्य र सम्पत्तिका ढुकुटी हो।

– आस्था र विश्वास तिम्रो ईंटा र गारो समान हुन्छ।

– १५३ –

– मार्गको विषयमा जान्न सजिलो तर यसलाई भेट्टाउन धेरै गाह्रो हुन्छ।

– मार्गमा हिंड्न सजिलो छ, तर यसैमा रहिरहन धेरै गाह्रो छ।

– सम्बोधि लाभ कठिन, छ, यसलाई सिक्न सजिलो छ।

– अभ्यास गर्न कठिन छ तर यसलाई भेट्टाउन भन्दा झनै गाह्रो छ।

– १५४ –

– सहन गर्न सक्नेहरू शक्तिशाली, बहादुर, बुद्धिमान र परोपकारी हुन्छन्।

– १५५ –

– संसार आधा असल र आधा खराब छ।

– १५६ –

– हिउँदका तीन साथीहरू रूखको काठ, बाँस, आरूका बोट हुन्।

– विश्वका तीन तत्वहरू स्वर्ग, धरती र मानवता हुन्।

– मानिसका तीन सद्गुणहरू प्रज्ञा, परोपकारिता र शाहस हुन्।



Downloaded from http://www.dhamma.digital

– चित्तका तीन विषहरू लालच, घृणा र अज्ञानता हुन् ।

– १५७ –

– मानवतालाई मनभित्र राख्नाले तिमीलाई सद्गुण प्राप्त हुन्छ । आउने पीढीको लागि लेख्न लगाउँछ र महान कार्यहरू उपलब्ध गराउँछ ।
– बोधि चित्तले तिमीलाई सत्यपथमा हिँडाउँछ र तिमीमा दया र सौन्दर्य भरिदिन्छ ।

– १५८ –

– संघर्ष वीरहरूको रणभूमि हो ।
– विनम्रता साधुसन्तहरूका रणभूमि हो ।

– १५९ –

– ध्यानले ८४,००० गाथाहरूका अर्थ खोलिदिन्छन् ।
– धर्म शिक्षाले सद्गुणीहरूलाई एकत्रित गराउँछन् ।
– आस्थाले सन्तुष्ट मुस्कानहरू प्रस्फुटन गर्छ ।
– आनन्दले संसारलाई रमाइलो बनाउँछ ।

– १६० –

– एउटा ढुङ्गा निश्चल रहन्छ ।
– एक उपग्रह गुरुत्वको साथ मोडिन्छ ।
– इतिहास विगतभन्दा पनि पर जान्छ ।
– एक महान व्यक्ति विनम्र भएर अघि बढ्छ ।

– १६१ –

– अज्ञानताले क्लेश र दुःख ल्याउँछ ।
– तिमी कुनै कुरामा नभ्फुण्डिएको अवस्थामा तिमीसँग स्वतन्त्रता र धर्मप्रितिको आनन्द हुन्छ ।

– १६२ –

– समभ्फबाट बुद्ध स्वभावलाई जान्न बुझ्न खोज र प्रज्ञावान होऊ ।
– सद्अभ्यासद्धारा पूर्ण रूपले प्रबुद्ध होऊ र बुद्धत्व प्राप्त गर ।

– १६३ –

– जब तिमीले साँचो स्वभाव प्राप्त गर्दछौ, तिमीले कसरी मनलाई परिष्कार गर्ने कुरा सिकाउन सक्छौ ।
– जब तिमीले संसारका मार्गहरूका कुरा थाहा पाउँछौ, तिमीले कसरी ती कुराहरूबाट पार लगाउने कुरा सिकाउन सक्छौ ।

*क्रमशः*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*१९८५ भाद्र २५ गते*

*दिवंगत :*
*२०७१ भाद्र २३ गते, आइतवार*

## दिवंगत लालबहादुर तुलाधर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **लाल बहादुर तुलाधर** मिति २०७१ भाद्र २३ गते आइतवार दिवंगत हुनुभयो । धरान निवासी उपासक तुलाधरलाई सद्गति प्राप्त होस् भनी मैत्रीपूर्ण पुण्यानुमोदन गरिएको छ ।

यस दुःखद् घडीमा उहाँका सपरिवारले संसारको यथार्थ स्वभाव अनित्यतालाई बुभ्फी धैर्य धारण गर्न सकुन् भनी कामना गरिएको छ ।

wd§Llt{klqsf kl/jf/

**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**



Downloaded from http://www.dhamma.digital

# प्रतिपत्ति पूजा वास्तविक बुद्धपूजा

✍ पूर्णमान महर्जन

**"पथब्या एकरज्जेन, सग्गस्स गमनेन वा ।**
**सब्बलोकाधिपच्चेन, सोतापत्तिफलं वरं ॥"** – *धम्मपद*

अर्थात्– पृथ्वीलाई एक राज्यगरी शासन चलाउनु, चक्रवर्ती राजा हुनुभन्दा, स्वर्गमा बास गर्नुभन्दा र सबै लोकको अधिपति हुनुभन्दा स्रोतापत्ति फल प्राप्त गर्नु उत्तम हो ।

मानिसलाई जन्म, जरा, ब्याधि र मरणको दुःखबाट पार लगाउनको लागि सिद्धार्थ गौतमले ६ वर्षसम्म दुश्कर चर्यापछि मध्यम मार्ग अपनाएर ३५ वर्षको उमेरमा वहाँले बोधिज्ञान प्राप्त गर्नुभयो, भगवान् बुद्ध हुनुभयो । यहाँ अनन्तोपकारक तथागत भगवान बुद्धको अमूल्य ज्ञान, शिक्षा, उपदेश एवं गुणलाई एकचित्तका साथ अनुस्मरण गरी श्रद्धा, आदर, गौरव, सम्मान एवं वन्दना गर्ने र पूजा गर्ने कार्यलाई बुद्धपूजा भनिन्छ । बुद्धको समय देखि नै बुद्धपूजा सुरु भएको ब्यहोरा बौद्ध ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ। सो समयमा बुद्धको समुपस्थिति बिना हुने श्रावक संघ एवं अन्य कार्यक्रममा भगवान् बुद्धको लागि भनेर अलग्ग एउटा प्रणित आसन राख्ने गरेको देखिन्छ। महापरिनिर्वाण हुने समयमा ब्रह्मा र देवताहरूले आकाशबाट पुष्पवृष्टि गरेर र मनुष्यहरूले बाजागाजासहित विविध भौतिक वस्तुहरू राखेर वहाँ महाकारुणिक शास्ताको धुमधामले पूजा गरिएको व्यहोरा बौद्ध ग्रन्थहरूमा पाइन्छ। यसरी गरिएको बुद्धपूजालाई भगवान बुद्धबाट प्रशंसा भएको देखिंदैन। त्यसैले होला पश्चिमका बुद्धिजीवीहरूले बुद्धपूजालाई बुद्धको वचन विपरित अरु धर्मको छाप परेको मूर्तिपूजाको रुपमा हेर्ने गरेको पाइन्छ। बुद्धको मूर्ति अगाडि धूप, दीप, नैवद्य, पुष्प, जल, स्कन्धमूल, भोजन आदि राखेर बुद्धधर्मका अनुयायीहरूले बुद्धको पूजा गर्ने गरेकोले साधारण रुपमा यो मूर्तिपूजा जस्तो भान हुन्छ । महापरिनिर्वाण भैसक्नु भएका तथागतले पूजा सामाग्रीहरू ग्रहण गर्नुहुन्न भन्ने ज्ञान नभएकोले यसरी पूजा गर्ने गरेको भनेर बुझ्नु पनि सही हुँदैन । बुद्ध, धर्म र संघको गुणलाई अनुस्मरण गरेर भगवान बुद्धमा कृतज्ञता, आभार, आदर, गौरव व्यक्त गर्न र त्याग चित्तलाई अभिवृद्धि गर्न यो बुद्धपूजाको महत्त्वपूर्ण स्थान छ ।

बुद्धपूजा दुई प्रकारले गरिन्छ। चैत्य अथवा बुद्धको मूर्ति अगाडि विभिन्न भौतिक वस्तुहरू राखेर बुद्धपूजा गर्ने कार्यलाई आमिष पूजा भनिन्छ । अर्को रुपमा धर्माचरणद्वारा गरिने बुद्धपूजालाई प्रतिपत्ति पूजा भनिन्छ। आमिष पूजाले बुद्धका अनुयायी एवं उपासको पासिकाहरूलाई त्याग चित्त अभिबृद्धि गर्न, बुद्धप्रति आदर गौरव राख्न र आचरणमा केही सुधार गर्न सहयोग गर्दछ भने प्रतिपत्ति पूजाले बुद्धको ज्ञान, शिक्षा एवं उपदेशलाई चिन्तन, मननका साथै दैनिक जीवनमा आत्मसात्, अवलम्बन र अनुकरण गर्न अभिप्रेरित गर्दछ। यस अर्थले बुद्धको लोकोत्तर धर्मलाई आचरणद्वारा पूजा गर्ने कार्य सर्वोत्तम पूजा हो, प्रतिपत्ति पूजा हो । त्यसैले आमिष पूजा भन्दा बुद्ध धर्मका अनुयायीहरूले धर्मानुकूल आचरणको प्रतिप्रत्ति पूजालाई विशेष जोड दिनु नितान्त आवश्यक छ ।

बुद्धत्त्व प्राप्तिपछि ४५ वर्षसम्म मनुष्यको कल्याणको लागि लोकोत्तर धर्म देशना गर्न ठाउँठाउँमा चारिका गर्नुभई ८० वर्षको उमेरमा भगवान बुद्ध कुशीनगरमा महापरिनिर्वाण हुनुभयो । यसभन्दा पहिले ब्रह्मा, देवता एवं मनुष्यहरूले वहाँको महापरिनिर्वाण हुने कुरा थाहापाएर बुद्धको भव्य पूजा गरे। यसरी आफूलाई पूजा गरेको देखेर तथागतले उपस्थापक भिक्षु आनन्दलाई बोलाएर आज्ञा गर्नुभयो– "तथागतलाई यसरी पूजा गरेर मात्र पूजा गरेको हुँदैन । मैले दिपंकर तथागतको पादमूलमा बुद्ध हुने भविष्यवाणी प्राप्त गरी चार असंख्य र एकलाख कल्पसम्म १० पारमिता, १० उपपार मिता र १० परमत्थपारमिता पूरा गरेर सम्यकसम्बुद्ध भएको यसरी भौतिक पूजा ग्रहण गर्नका लागि होइन । जसले लोकोत्तर धर्म लाभ हुने शील, समाधि र प्रज्ञा धर्मलाई आचरणद्वारा पूजा गर्दछ । त्यसले परम र सर्वोत्तम पूजा गरेको हुन्छ ।" त्यस्तै एउटा अर्को प्रसङ्ग यहाँ उल्लेख गर्नु प्रासङ्गिक हुन्छ। महाकारुणिक शास्ता परिनिर्वाण हुनुभन्दा केही समय पहिले तिष्य स्थविरले भगवानको परिनिर्वाण हुने समय आइसक्यो, तर मेरो आश्रवक्षय भएको छैन। त्यसैले वहाँको परिनिर्वाण भन्दा पहिले नै आश्रवक्षय हुने उद्योग गर्नुपऱ्यो भनी एकान्तमा



Downloaded from http://www.dhamma.digital

गएर अभ्यास गर्न थाले । बुद्धसंगसंगै रहेन । अरू भिक्षुहरूले तपाईं भगवान्लाई तिष्य स्थविरले वास्ता गरेन, स्नेह राखेन भनी बिन्ति चढाए । भगवान बुद्धले तिष्यलाई बोलाउन लगाएर सबैकुरा बुझ्नुभई तिष्यलाई साधुकार एवं प्रशंसा व्यक्त गर्नुभयो र भिक्षुहरूलाई भन्नुभयो– "यदि तिमीहरू सबैले मलाई स्नेह गर्ने हो भने तिष्यले जस्तै गर्नुपर्दछ । भौतिक वस्तुले नभई धर्माचरणले पूजा गरे मात्र वास्तविक रुपमा तथागतको पूजा गरेको हुन्छ ।" धर्माचरणको मार्ग भनेको भगवान बुद्धले औंल्याउनु भएको आर्य अष्टाङ्गिक मार्ग हो, शील, समाधि र प्रज्ञा हो । सम्यक दृष्टि र सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक स्मृति, सम्यक व्यायाम, सम्यक समाधि मार्गमध्ये सबैभन्दा श्रेष्ठ हुन् ।

विहार बाहेक समय समयमा अन्य ठाउँ ठाउँमा पनि बुद्धपूजा हुने गर्दछ । बुद्धपूजा गर्दा यो मेरो पुण्यद्वारा आश्रवक्षय होस्, निर्वाण हेतु होस् र यो मेरो पुण्यलाई सम्पूर्ण सत्वले अनुमोदन गरोस् भनी कामना गर्दछौं, पाठ गर्दछौं । भगवान बुद्धको प्रतित्यसमुत्पादको उपदेशको कारणले गर्दा कुनै पनि कुरा उत्पन्न हुन्छ भन्ने कुरा जनाउँछ । बिना कारण संसारमा केही हुँदैन । धर्मानुकूल आचरण बिना उपरोक्त कामना पूरा हुन्छ भनी सोच्नु कदापि व्यवहारिक हुँदैन । त्यसैले धर्मानुकूल आचरणद्वारा बुद्धलाई, धर्मलाई र संघलाई पूजा गर्नुपर्दछ, प्रतिपत्ति अभ्यास गर्नुपर्दछ र शील, समाधि र प्रज्ञालाई आत्मसात् गर्नुपर्दछ । शीलले मानिसलाई कोमल, नरम, सभ्य र सुसंस्कृत बनाउँदछ । सम्यक समाधिले मनको क्लेश मनलाई सफा र निर्मल पार्दछ भने प्रज्ञाले यथार्थ स्वभाव जानेर मोह, अज्ञानताको अन्धकारलाई प्रकाशमय तुल्याउँदछ । यसरी शील, समाधि र प्रज्ञाको धर्मानुकूल आचरणले पृथग्जनलाई जन्म, जरा, व्याधि र मरणबाट मुक्त हुन, दुःखको भववन्धनबाट पार हुन, भवचक्रको दलदलबाट छुट्कारा पाउन एवं मार्गफल प्राप्त गर्न सहयोग पुग्दछ । मार्गफल प्राप्त गर्ने सत्पुरुषहरू भएमा मात्र बुद्धको शासन चिरस्थायी रहन्छ । त्यसैले मनुष्य जुनीलाई सार बनाउन र बुद्धको शासनलाई चिरस्थायी राख्न हामी पनि नित्य रुपमा शास्ताको चाहना अनुरुप परम, सर्वोत्तम धर्म पूजामा अग्रसर हुन सकौं । ❖

## मां खँग्वः

✍ **लेलिन शाक्य**

गुलि पवित्र न्हाय्पं मां खँग्वः न्यनेवं
नुगः हे स्वकु तिंन्हू मां धकाः धायवं

बोलि खः न्हापांगु मां धकाः सःतेगु
स्यनां मखु म्हुतुई जन्मजांत वइगु

मामं जन्म मवीकं मां धाय् दइमखु
मां खँग्वः पवित्र अथें व जुइमखु

द्यःयात छाय्गु नीलः व स्वाँ थें पवित्र
थ्वयाच्वंगु दु हलिमय् मां खँग्वः सर्वत्र

मां धाय्गु सिबें मवः मचायात मेगु
ल्हवनाः स्वयमाः थ्व गुलि ओज दुगु

घाःलानाः"आइयामां" स्याःसःतयवं
लाःगु घाः हे लं थें मां धकाः धायवं

गुलि तःमि मां खँग्वः कुबेरं ध्वयमफु
जन्मं सुं प्राणीया नं मां बिना जुइमखु

## अति योम्ह मां

✍ **श्रद्धाचारी**, धर्मकीर्ति विहार

जितः अति योम्ह मां
जिमि मां, छःपिं
बुद्ध, धर्म, संघ थैं यो ।
जितः छःपिं अति यो
निर्मल शान्त चन्द्रमाथें यो ।
यो जितः छःपिं
पवित्र पलेस्वाँ थें यो ।
हे जितः अति योम्ह मां
म्ह्याय्पिं थन पियाच्वन
धैगु मस्यूला छःपिसं ?
अले योम्ह मां
जिमि मां
गन विज्याना छःपिं ?



Downloaded from http://www.dhamma.digital

# वर्षावास व कथिन विस्तर–छगू अध्ययन–६

✍ भिक्षु उपतिस्स

श्रद्धावान् दातापिन्सं आराधना याःथें वर्षावास च्वना बिज्याना च्वपिं भिक्षुपिन्त जलपान, भोजन आदि चतुप्रत्ययया व्यवस्थापन जुयाच्वंगु दु मदु सिइका, वसपोल पिन्त विशेषतः चतुप्रत्यय् दुने लाःगु छुं चीजवस्तु अभाव थें जुयाच्वंगु सिल धाःसा पुरेयाना बिइगु कर्तव्य खः । अथेहे भिक्षुपिसं नं परित्राण, धर्मदेशना यायेगु, दातापिनिगु धर्म-चित्तयात मस्यंकुसे श्रद्धा, वृद्धि जुइगु व्यवहार यायेगु, इहलोक व परलोक सौभाग्य सम्पन्न जुइगु जीवन मंगल जुइगु धर्म उपदेश इलेब्यले कनेगु भिक्षुपिंगु कर्तव्य खः । भिक्षुपिं व दातापिनिगु बिचय् योय्मागःगु कर्तव्य पुवंका बिइगुलिं कठिन दानया निम्ति आवश्यक वातावरण थुकथं तयार जुइगु जुयाच्वन ।

वर्षावासया निमित आराधना याइपिं दातापिं दतधाःसा दातापिंगु आराधना स्वीकार याःगु अनुसार नं भिक्षुपिं वर्षावास च्वनेगु याः । गनं आरामय् वा विहारय् पुंरिमिका वर्षावास च्वंम्ह भिक्षु छम्ह जक जुल धाःसा वसपोलं संघ पाखें सहयोग अपेक्षा याई । वर्षावास च्वनेगु अधिष्ठान याःगु दिनं निसें पवारण मयातले स्वला तक विनयानुकूल कथं अधिष्ठानया बलं छुं कथं प्रकृति प्रकोप आदि अन्तराय मजूसा वर्षावास मस्यंकुसे च्वने फु । वर्षावास मस्यंकुसे पुवंकूम्ह भिक्षु थपिन्सं याय् त्यंगु कठिन दान पुण्यया निम्ति विहारय् वर्षावास च्वंम्ह भिक्षु (थः) छम्ह जक जुया मगाःगुलिं महास्थविर भन्तेया थाय् वना "भन्ते ! फलानागु दिनय् फलानागु इलये जिमित संघपिं माल" धका निमन्त्रणा याना संघपिं बिज्याय्के माः । कठिन दान पुण्य सम्बन्धी थःम्हं मस्यूगु छुं दुसा "भन्ते ! कठिन याय् इच्छुकम्ह दातां छु छु याये माः, कठिनया निम्ति छु छु चीजवस्तुत प्रयोजन जुइ, दातापिनिगु पाखें पूवने मागु प्रतिपत्ति छु ?" धका इत्यादि आवश्यक जुइगु खं न्यनेमाः ।

धर्म विनयधर भिक्षुं नं न्यंगु प्रश्न दक्व समाधान यायेगु कथं धर्म विनययात ल्वय्क थुइक धया विइमाः । दाता नं थःम्हं इच्छा याःगु दिनय् कठिनया निमित्त वस्त्र बिइगु इच्छा जूसा स्वपु चीवर मध्ये छपु चीवरयात गाक्व वस्त्र बिइमाः । चीवरया निम्ति वस्त्र चायुगु सुइगु आदि ज्याय्: भिक्षुपिन्त अःपुका बिइत धकाः इब्यो दनिबले सुथ न्हापां हे गौरवपूर्वक उगु वस्त्र ज्वनाः विहारय् यंकाः संघया दथुइ तयाः "इमं कठिन दुस्सं भिक्खु संघस्स देमि (देम)" धका थ्व वाक्यद्वारा संघयात पूजा यायेमा । चीवर सुइगु निम्ति माःगु मुलु सुका आदि नं पुरेयाना बिइमाः ।

चीवर बिइ न्ह्याःम्ह दातां "**जघेस्य गण्ठिपासादि**" दक्व तयाः सिधय्कातःगु स्वपु चीवर मध्ये छपु चीवर कया हयाः "इमं कठिन चविरं भिक्खु संघस्स देमी" धकाः थ्व वाक्य ब्वनाः संघयात कठिन चीवर पूजा यायेमाः । दातापिन्सं पूजा यागु/याइगु कठिन वस्त्र वा कठिन चीवर व्यक्तियात मखु कि संघयात धकाः सिइका तय्माः ।

दातापिन्सं निपु स्वपु अप्व (मयाक्क) यक्व चीवर छकलं कठिनया (निम्ति) धकाः संघयात पूजा यात धाःसा उकी मध्ये दकसिबे भिंगु, बाँलागु, अमूल्यगु (अनर्घगु) चीवर कठिनया लागि ल्यया काय्माः । वस्त्र स्वकू प्यकू अप्वः यक्व छकलं पूजा यात धाःसा अमूल्यगु वस्त्र ल्यया काय्माः । अनंलिपा सुं गुम्हसिनं चीवर वा वस्त्र हयाः कठिनया लागि धकाः पूजा याःसा व दक्वलय् कठिन आनिशंस अन्तर्गत जुइ ।

**संघपाखें अनुगमन यायेमाःगु प्रक्रिया :**

दातापिन्सं कठिन वस्त्र वा चीवर 'इमं कठिन चीवरं (दुस्सं) भिक्खुसंघस्स देमि '(देम)' कठिन अत्थरितुं धका वाक्य ब्वनाः संघयात सांघिक (कथं) पूजा याये धुंकाः संघ उगु स्थानय् (आरामय् वा विहारय्) वर्षावास च्वंम्ह छम्ह भिक्षुयात बिइमाःगु जुया बिइगु सम्बन्धी विनय-विधि सिइका तय्माः । उगु छगू विहारय् वर्षावास च्वंपिं निम्हं अप्वः भिक्षुपिं जुल धाःसा व चीवर बिइत-चीवर काय् योग्यम्ह छम्ह भिक्षु ल्यय्माः । वसपोलपिं मध्ये पुलांगु, भ्वाथःगु वा बःमलागु चीवर पुनातःम्ह भिक्षु जूसा वसपोल चीवर काय् योग्यम्ह जुइ । भ्वाथःगु चीवर पुनातःपिं भिक्षुपिं अप्वः दत धासा वसपोलपिं मध्ये दकसिबे थकालिम्ह भिक्षु– 'कठिन अस्तरण याइम्ह भिक्षु' अवश्य (अनिवार्य) सिइके माःगु धर्म-कारण ८ गू मस्यूम्ह, दक्ष मजूम्ह जुल धासा, (कठिन अस्तरण) याय्फुम्ह (प्रतिबलम्ह) मजुल धाःसा नवक भिक्षु कठिन (चीवर) लाभ याय् योग्यम्ह जू वनिइ । वसपोलपिं मध्ये सुं छम्ह



Downloaded from http://www.dhamma.digital

भिक्षुयागु नं चीवर दुर्बल (भ्वाथः, पुलां) मजूगु जूसा योग्यम्ह छम्ह भिक्षुयात ल्ययाः वसपोलयात (बिइत) चीवर नापं उपोसथागारय् (सिमागृह) ब्वना यंकाः भिक्षु संघयात थथें धाय्मा :

**"सुणातु मे भन्ते संघो इदं संघस्स कठिन चीवरं (दुस्सं) उप्पन्नं, संघो इमं कठिन चीवरं (दुस्सं) इत्थं नामस्स भिक्खुनो देति कठिनं अत्थरितुं। यस्सायस्मतो खमति इमस्स कठिन चीवरस्स (दुस्सस्स) इत्थं नामस्स भिक्खुनो दानं कठिनं अत्थरितु सोतुम्हस्स, यस्स नक्खमाति सो भासेय्य।"**

**"दिन्नं इदं संघेन कठिनं चीवरं (दुस्सं) इत्थं नामस्स भिक्खुनो कठिनं अत्थरितुं, खमति संघस्स तस्मा तुण्ही एवमेतं धारयामि।"**

थुकथं थ्व ञत्तिय दुतिय विनयकर्म वाक्य ब्वनेगुलि नियुक्ति यायेमाः । संघयात कठिन वस्त्र लाभ जुइबले (जुइधुंका) चीवर दय्केया निम्ति व कठिन वस्त्र पुद्‌गलयात थ्यंका बिइगु अथवा संघं हे उगु वस्त्रया चीवर सम्बन्धित याय्माःगु दक्व याय् सिधय्काः पुद्‌गल (कठिन चीवर काय्त योग्य जूम्ह भिक्षु) यात लःल्हाना बिइगु याय्माः । कठिन वस्त्र (जूसा) पुद्‌गलयात थ्यंका बिइगु अथवा संघं हे उगु वस्त्रया चीवर तयार याना कठिन चीवर काय् योग्य जूम्ह भिक्षुयात बिइगु– थ्व तरिका निगू नं सही जू ।

**संघपाखें चीवर तयार याय्गु तरिका :**

संघ पाखें चीवर (वस्त्र चाना सुया) दय्कीबले चीवर सम्बन्धी सम्पूर्ण जिम्मेवारी संघयाके दया च्वनीगु जुयाः स्थविर, मध्यम, नवक धाःपिं सकल भिक्षुपिन्सं विचारपूर्वक बियाः चीवरया निम्ति याय्माःगु दक्व कार्य यानाः याकनं सिधय्का व हे दिनय् उगु चीवर च्वय् धयागु गुण दुम्ह योग्यम्ह भिक्षुया ल्हाती थ्यंकाःबिइमाः । वस्त्र हे थ्यंका बिइ हःगु जूसा उकिया अभिभारा व हे पुद्‌गल (भिक्षु) याके दयाच्वंगु जुयाः व पुद्‌गलं बिज्याःपिं भिक्षुपिन्त अनुरोध यानाः वसपोलपिन्त धयाः अस्तरण याना काय्माः । मखुसा थःगु प्रतिबल परिषद् दुगु मेगु थासय्/मेथाय् यंकाः अथवा याकनं चीवर तयार याके बियाः उगु हे दिनय् (उकुन्हु हे) थः वर्षावास च्वंगु यथोक्त विहारय् यंकाः अस्तरण याना काय्माः । *क्रमशः*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*विसं १९९० भाद्र १२ गते,*
*आइतवार*

*दिवंगत :*
*विसं २०७१ भाद्र २१ गते,*
*शनिवार*

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासिका **पूर्णदेवी बनिया** २०७१ भाद्र २१ का दिन दिवंगत हुनुभयो ।

यस दुःखद् घडीमा उहाँको सपरिवारले संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) लाई बुझी धैर्य धारण गर्न सकुन् र दिवंगत उपासिकाले सद्‌गति प्राप्त गर्न सकुन् भनी मैत्रीपूर्वक पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**

**धर्मकीर्ति विहार**

श्रीघः नघः, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# सत्य पारमिता

✍ सुनिता मानन्धर



बौद्ध साहित्यय् दुथ्याःगु झिगू पारमिता गुणधर्म मध्ये सत्य पारमिता नं छगू खः । थुकियात साधारण कथं धायेगु खःसा 'गथे खः अथे हे खँ ल्हाये गु' खः । अथे ला पंचशीलया छगू शील कथं असत्य खँ मल्हायेगु वा सत्य खँ ल्हायेगु धकाः नं कयातःगु दु । उकिं असत्य ज्याखँ याये सकलें ग्याः । थुकिया लिच्व खनाः भय व त्रासं कयाच्वनी । तर थौं सत्य ज्याखँ याइपिं स्वयाः असत्य ज्याखँ याइपिनि हालिम्वालि जुयाच्वंगु दु । थन सत्यया थाय् न्हना वनेधुंकल । थन असत्यं हा कायेधुंकल । उकिं सत्ययात नं सत्य धायेकेत प्रमाण बी मालेधुंकल ।

सत्य सदां सत्य हे जुयाच्वनी । अय् नं असत्यया न्हयःने सत्ययात प्रमाणित याये मफुतकि असत्य हे त्यानावनी । थन सुन्दरी परिब्राजिकाया घटनायात लुमंके । बुद्धकालय् अतिकं बांलाःम्ह मिसा खः सुन्दरी परिब्राजिका । वया हत्या तिर्थयीतसें याकूगु खः । तर थुकिया दोष भगवान बुद्ध व बुद्धया शिष्यपिंत बिल । थुगु इलय् जुजुं सत्य व असत्यया खँ थुइकेगु कुतः यात । जुजुं थायथासय् गुप्तचरत छ्वया बिल । थुकथं जुजुं छ्वःपिं गुप्तचरतय्सं हे सत्य खँयात प्रमाणनापं न्हयःने ब्वये हल । सत्ययात सकसियां न्ह्यःने उले मफुत कि अपराध मयाःसां दण्ड फये मालेफु । सत्ययात सकसियां न्ह्यःने उला बीत थम्हं कुतः नं याये माः धइगु थुगु खँयात कुक्कर जातकय् नं धयातःगु दु । जातक कथं छगू इलय् दरबारय् च्वंपि खिचातय्सं जुजुया रथया छ्यंगू नया बिल । थःगु रथया छ्यंगू नःगुलिं खिचात खनाः जुजु तम्वल । जुजुं पिने च्वंपि खिचातय्गु ज्या जुइफु धकाःखिचा स्याकेगु यात । पिने च्वंपिं खिचात धमाधम सिना वनेमाल । उगु इलय् बोधिसत्व नं खिचाया कुलय् जन्म जूगु जुयाच्वन । वं दरवारय् वनाः अन च्वंपिं खिचातय्सं हे जुजुया रथया छ्यंगू नःगु खः धकाः प्रमाणित याना बिल । थन लुमंकेमाःगु खँ छु धाःसा सत्ययात नं प्रमाणित याये मफुत धाःसा मेपिंसं याःगु अपराधया दोष थःत वयेफु । उकिं इलय् हे सत्ययात उला बी फयेकेमाः ।

सत्य खँ ल्हायेगु धइगु उलि अःपु मजू । थौं सत्यया निर्णय याइगु अड्डा अदालतय् वंसा अन असत्यं थाय् काये धुंकूगु खनाच्वनी । असत्ययात सत्य कथं फैसला न्यंका हइगु अड्डा हे जुइधुंकल । थःगु हे मिखां खंगु, न्हाय्पनं ताःगु खँयात तकं म्हुतुं सत्य खः धकाः न्ववाये ग्यानापुसे च्व । उकिं थौं सकलें सत्य वचन ल्हाये ग्याः । सत्य बचनं यानाः जुजुंनिसे थः थितिपिनि तकं भय कयाच्वने माली उकिं सत्य वचन पालना यायेगु धइगु उलि अःपु मजू । तर भय खनाः ग्यानाः बोधिसत्वपिंसं गबले असत्य वचन ल्हाइ मखु । थुगु खँयात हरित जातकं नं क्यं । भोजनय् वंम्ह हरित बोधिसत्व महारानीयात खने वं वया ध्यान छखे लात । वाय् स्मृतिं थाय् त्वःतल । वं महारानीनाप लोकधर्म सेवन यानाः वासनाय् लीन जुल । वयात जुजुं अतिकं विश्वास याः । थुगु इलय् यदि वं असत्य वचन ल्हाःसां जुजुंपत्याः याइगु खः । तर वं थथे मयाः । थुकिया लिच्वः खनाः नं मग्याः । बरू वं जुजुयात खःगु दक्व खँ कन । थन जुजुपाखें वयात भय दुगु खःसां वं सत्य वचन ल्हायेगु मत्वःतू ।

सत्य वचन ल्हानाः निष्पक्ष कथं निसाफ याये धइगु नं अःपुगु ज्या मखु । थुगु इलय् नं नाना कथंया पंगः दं वयेफु। अभ्फःथःगु जिउ ज्यानया तकं भय दयेफु । थन निष्पक्ष कथंसत्य वचन ल्हानाःसत्यया पक्षय् निसाफ याइम्ह महाबोधि बोधिसत्वयात कायेफु । असत्यं



Downloaded from http://www.dhamma.digital

हालिम्वालि यानाच्वंगु थासय् बोधिसत्वया थाय् मंत । वयात मखुगु खँया दोष बियाः राज्यं पितिना छ्वल । सत्यया लागिं थःगु ज्यानया तकं माया मगाःगु खँ ला विदुर जातकं नं क्यं ।

सत्यया कारणं विदुर पुण्णक थेंज्याःम्ह योग्य सेनापतिया न्ह्यःने तकं दंवन । थन नं विदुरं सत्यया पक्षय् हे निर्णय यात ।

थन छम्हं मेम्हेसित विश्वास याःगु कारणं संसार दनाच्वंगु दु । तर थन थःत विश्वास याकेगु तातुनां असत्य खँ ल्हानाः चाकडी याना जुइपिं नं दु । अथे हे थःगु स्वार्थ सिद्ध यायेत असत्य वचन ल्हाना जुइपिं नं दु । तर असत्य वचन जूसां थःत न्ह्याक्व हे प्रशंसा याःसां, चाकडी याःसां उकियात नाला काये मजिउगु खँ पदम जातकय् धयातःगु दु ।

अथेहे थन थम्हं सत्य यानाच्वनागु दु धकाः थःगु न्ह्यःने असत्य याःसां सुम्क च्वनीपिं नं दु । इमिसं असत्य ज्या याइपिंत याः याः थें याकाच्वनी । तर बोधिसत्व पिंसं थुकथंया ज्या गुब्सं याइ मखु । वसपोलपिंसं मखुगु ज्यायात उला बिउगु दु । वसपोलपिंसं यदि खःगु व भिंगु ज्या जूसा युद्धय् तकं न्ह्याः वनेत हःपाः बिउगु दु । थुकथं हे अभय राजकुमार सुत्तय् मनूतयसं मययेकूसां सत्य तथ्य अर्थयुक्त खँ व मनूतय्सं नं ययेकीगु सत्य व अर्थयुक्त खँ अवस्था व ई स्वयाः न्ववाये धयातःगु दु ।

अथे ला सत्य वचन नं गबलें गबलें चाःहिकाः जक नं धाये मालेफु । तप्यंक धायेवं सत्य वचनया मू मदयेफु । अथे धकाः असत्य वचन ल्हायेगु ला पक्का हे मखु । सुयां प्राण रक्षा यायेगु खःसा सत्य वचन चाःहीकाः ल्हायेफु धइगु खँ बौद्ध साहित्यय् नं न्ह्यथनातःगु दु । जुजु दुट्ठगामिनीं थः किजा तिस्सयात लिना यंकल । व भिक्षुया खाताया तःले सूवन । जुजुं भिक्षुयाथाय् वयाः थ किजा दु ला धकाः न्यन । थुगु इलय् भिक्षुयात आपत् जुल । दु धाये सुयां प्राण वनीगु जुल, मदु धाये असत्य वचन ल्हाये मालीगु जुल । अले भिक्षुं खँयात चाःहिकाः 'ग्व, तिस्स खाताय् च्वय् गन दु ?' धकाः लिसःबिल । अथे हे होसंपूर्वक खँ ल्हानाः थःगु ज्यान बचे यायेत ताःलागु खँ ला वानरिन्द जातकय् नं न्ह्यथनातःगु दु । थुकथंया ज्याखँ कपिलवस्तुया शाक्यतय्सं नं याःगु खः । विडुडभं कपिलवस्तुया दक्व शाक्यतय्त स्यायेगु ज्या यात । वं छम्ह छम्ह मनू ज्वना शाक्य खः लाकि मखु धकाः न्यनेगु यात । थुकथं न्यनेगु इलय् शाक्यतय्गु नं पाः वल । इमिसं थःगु ज्यानया लागिं असत्य खँ मल्हाः तर खँयात चाःहिकाः ल्हात । थुकिंयानाः इमि ज्यान बचे जुल ।

सत्यया लँपु लिनाः न्ह्याः वने उलि अःपु मजू । थन नाना कथंया पंगः दं वयेफु । थुगु इलय् मन क्वतुंकाः नं च्वने मालेफु । तर बौद्ध साहित्यया ध्वः थुइकाः न्ह्याःवने फःसा सत्ययात मत्वःतुसे न्ह्याःवने फइ ।

## धर्म लिकुंके मते

✍ **हेरा रत्न शाक्य**
युवक बौद्ध मण्डल

सर्व कल्याण या नितिं धर्म कन बुद्धं
बाँलागु, अःपुग, तप्यंगु लँ क्यन बुद्धं
पालन याना क्यनीपिं अनुयायी दय्कल संघ
गाँ, नगर, दुर्गम, सुगम चाचाहिला कंधाल बुद्धं

नीखुसःदँ न्ह्योःनिसे न्ह्यानावल शासन
प्यंगू परिषद् मुनाः न्ह्याकाच्वन बुद्ध शासन
श्रद्धां ब्यूपिं दान आतकं श्रमण पिन्त आसन
अयनं न्यंके मफु देय् न्यंक धर्मया भाषण

छथासं च्वनाः सकसिनं गथे सिइकाःवई ?
नय्, त्वने, पुने मामां जुइमा जनतां लिमलाः धाई
कर्त्तव्य छिगु धर्म कनेगु खःसा चाहिले स्वाला धाई
मसः मसियाः लोभय्, तंमय् लाना थहाँ वय्मफु धाई

छछाः छप्ये नयानं न्हापा संघं उपकार यात
श्रद्धावान व सुविधा दहेदु संघं आःछाय् मयात ?
थन तूँ च्वनाः ततमतः क्यनाः गन बीफइ सकसितं
मनय् दुने बुद्धया उजं दुसां आसेनि धाय्मते छिसं ।

**"कठोर वचन नबोल, आरूले पनि तिमीलाई उत्तिकै कडा वचन बोल्ने छ, कडा बोल्नाले त्यसको बदला दण्ड पाउने छौं ।"**
**"मानिसले पाप गरि हाल्यो भने पनि फेरि फेरि गर्नुहुँदैन । पापमा इच्छा बढाउनु हुँदैन, पाप थुप्रियो भने दुःखको कारण बन्न जान्छ ।"** – **बुद्ध वचन**



Downloaded from http://www.dhamma.digital

# अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिर जवाफ प्रतियोगिता सम्पन्न



*सभापतिको आशनबाट ओवाद दिनुहुँदै भिक्षुणी धम्मवती*

*२०७१ आश्विन ४ गते, शनिवार*
*धर्मकीर्ति विहार, धम्महल ।*

पूज्य भिक्षुणी धम्मवती गुरुमांको ८१ औं जन्मोत्सव तथा धर्मकीर्ति विहारको स्वर्ण महा उत्सवको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिर जवाफ प्रतियोगिता आयोजना गरिएको थियो ।

भिक्षु भद्दियले पञ्चशील प्रार्थना गराउनु भएपछि शुरु गरिएको उक्त कार्यक्रम उर्मीला ताम्राकारको संयोजकत्त्वमा संचालन गरिएको थियो । धम्मवती गुरुमांको सभापतित्त्वमा सरोज मानन्धरले संचालन गर्नुभएको उक्त प्रतियोगितामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीकी सचिव लोचनतारा तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएकी थिइन् ।




*निर्णायक भिक्षु भद्दिय, पञ्चशील प्रार्थना गराउनु हुँदै*



Downloaded from http://www.dhamma.digital

## प्रतियोगितामा भाग लिएका विद्यार्थीहरूको नाम, विद्यालयको नाम र प्रतियोगितामा प्राप्त नतिजा विवरण –

| क्रसं | विद्यालयको नाम | | प्रतियोगतामा प्राप्त नतिजा | |
|---|---|---|---|---|
| (१) | शुभतारा माध्यमिक विद्यालय | | अङ्क | श्रेणी |
| | विद्यार्थीहरू | कक्षा | ३८ | प्रथम |
| | - रिकी महर्जन | ८ | | |
| | - अर्नब मानन्धर | ७ | | |
| | - रुसिता श्रेष्ठ | ६ | | |
| (२) | स्वर्णिम माध्यमिक विद्यालय | | अङ्क | श्रेणी |
| | विद्यार्थीहरू | कक्षा | ३१ | दोश्रो |
| | - आभा जोशी | ८ | | |
| | - किरण खडायत | ७ | | |
| | - रुवि श्रेष्ठ | ६ | | |
| (३) | प्रज्ञा आवासिय उच्च माध्यमिक विद्यालय | | अङ्क | श्रेणी |
| | विद्यार्थीहरू | कक्षा | २६ | तेश्रो |
| | - मञ्जु इटानी | ८ | | |
| | - पूर्णिमा तामाङ्ग | ८ | | |
| | - कृति भट्टराई | ७ | | |
| (४) | बालसेवा माध्यमिक विद्यालय | | अङ्क | श्रेणी |
| | विद्यार्थीहरू | कक्षा | १७ | सान्त्वना |
| | - सुशील बोगति | ७ | | |
| | - युनिषा परियार | ८ | | |
| | - विशाल कुँवर | ८ | | |

प्रतियोगिता सम्पन्न भए पश्चात् निर्णायक मण्डलको तर्फबाट भिक्षु भद्दियले कार्यक्रमको नतिजा उद्घोषण गर्नुभई विद्यार्थी भाई बहिनीहरूलाई ओवाद पनि दिनुभएको थियो ।

### धर्म उपहार प्रदान –

प्रतियोगितामा भाग लिनु भएका सबै विद्यालयलाई सभापति धम्मवती गुरुमांले धर्मोपहार प्रदान गर्नुभएको थियो ।

### पुरस्कार वितरण –

प्रतियोगितामा प्रथम, दोश्रो, तेश्रो र सान्त्वना स्थान प्राप्त गर्न सफल विद्यालयका विद्यार्थीहरूलाई पुरस्कार प्रायोजन गर्नुहुने दाताहरू यसरी हुनुहुन्थ्यो–

| *पुरस्कार दाता* | *पुरस्कार विवरण* |
|---|---|
| - भिक्षुणी धम्मवती | प्रथम पुरस्कार |
| - रसवन्ती तुलाधर | दोश्रो पुरस्कार |
| - अमरलक्ष्मी तुलाधर | तेश्रो पुरस्कार |
| - प्रीति ताम्राकार | सान्त्वना |

पुरस्कार प्रायोजकहरूद्वारा नै सम्बन्धित विद्यार्थी प्रतियोगिहरूलाई पुरस्कार प्रदान गर्नुभएका थिए ।

प्रतियोगिता संचालन गर्ने क्रममा आवश्यक कार्यको भूमिका निभाउनु भई सहयोग गर्नुहुने सहयोगी व्यक्तिहरूको नामावली–

| *क्रसं* | *कार्य विवरण* | *नाम* |
|---|---|---|
| १) | निर्णायक | भिक्षु भद्दिय, भिक्षुणी केशावती देवकाजी शाक्य |
| २) | प्रश्नकर्ता (Quiz Master) | - प्रफुल्लकमल ताम्राकार<br>- अरुणसिद्धी तुलाधर |
| ३) | टाइप कीपर | - रामकुमारी मानन्धर |
| ४) | स्कोर बोर्ड | - सुमीत्रा तुलाधर |
| ५) | प्रश्न वितरक | - सुभद्रा स्थापित |

निर्णायक भई भूमिका निभाउनु हुने भिक्षु भद्दिय, भिक्षुणी केशावती र देवकाजी शाक्यलाई भिक्षुणी धम्मवती गुरुमांले सम्झनाको चिनोस्वरुप धर्मकीर्ति लोगो अंकित बोधि वृक्षको पात प्रदान गर्नुभएको थियो ।

प्रतियोगितामा प्रथम हुन सफल शुभतारा माध्यमिक विद्यालयका प्रतियोगी विद्यार्थी अर्नब मानन्धरले "जहाँ छन् बुद्धका आँखा ..." शब्द उच्चारण गरिएको सुप्रसिद्ध गायक भक्तराज आचार्यद्वारा गाइएको गीतलाई सुमधुर स्वरले गाउनुभई कार्यक्रमलाई अझ रोचक बनाई प्रभावित पार्नु भएको थियो ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ **आलारकालाम** सांख्य दर्शनका पण्डित थिए र उनका ३०० शिष्यहरू थिए । *साभार- बौद्ध दर्पण*



Downloaded from http://www.dhamma.digital

कार्यक्रमको अन्त्यमा सभापतिको आशनबाट बोल्नु हुँदै पूज्य भिक्षुणी धम्मवती गुरुमांले हाजिर जवाफ प्रतियोगितामा सहभागी हुनुको प्रमुख लक्ष प्रथम द्वितीय हुनको लागि भन्दा पनि बुद्ध शिक्षा अध्ययन गरी नैतिक शिक्षा सिकी नैतिकवान् र इमान्दार बन्नको लागि हो भन्नुभयो ।

अन्त्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यकारिणी सदस्य एवं यस कार्यक्रमकी संयोजिका उर्मीला ताम्राकारले धन्यवाद ज्ञापन गर्नुभएकी थिइन् ।

त्यसपछि कार्यक्रममा सहभगी सबैलाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी एवं उपासक श्यामलाल चित्रकारको प्रायोजनमा जलपानको व्यवस्था गरिएको थियो ।



*"जहाँ छन् बुद्धका आँखा ..." गीत प्रस्तुत गर्नुहुँदै अर्नब मानन्धर*




पञ्चशील प्रार्थना गर्नुहुँदै टाइमकीपर र क्वीज माष्टरद्वय




प्रतियोगितामा प्रथम हुन सफल शुभतारा मा.वि.का विद्यार्थीहरू



Downloaded from http://www.dhamma.digital




बौद्ध हाजिर जवाफ प्रतियोगितामा दोश्रो स्थान प्राप्त गर्न सफल स्वर्णिम मा.वि.का प्रतियोगीहरू




बौद्ध हाजिर जवाफ प्रतियोगितामा तेश्रो हुन सफल प्रज्ञा मा.वि.का सहभागी विद्यार्थीहरू




बौद्ध हाजिर जवाफ प्रतियोगितामा सान्त्वना पुरस्कार प्राप्त गर्न सफल बाल सेवा मा.वि.का सहभागी विद्यार्थीहरू



Downloaded from http://www.dhamma.digital

# वि.सं. २०७१ सालमा नेपालका विभिन्न विहारहरूमा हुने कठिन चीवर दान कार्यक्रम तालिका

| क्र.सं | मिति | विहार | स्थान | समय |
|---|---|---|---|---|
| १. | आश्विन २३ गते, विहिवार | यम्पि महाविहार | ईबही पाटन | विहान |
| २. | आश्विन २३ गते, विहिवार | पद्म चैत्य विहार | वुटवल | विहान |
| ३. | आश्विन २४ गते, शुक्रबार | विश्व शान्ति विहार | मीनभवन काठमाडौं | विहान |
| ४. | आश्विन २५ गते, शनिवार | चारूमतिविहार | चावहिल काठमाडौं | विहान |
| ५. | आश्विन २५ गते, शनिवार | बौद्ध जन विहार | सुनागुठी पाटन | विहान |
| ६. | आश्विन २५ गते, शनिवार | बुद्ध विहार | भृकुटीमण्डप काठमाडौं | दिउँसो |
| ७. | आश्विन २५ गते, शनिवार | मैत्री महाविहार | लुम्विनी | विहान |
| ८. | आश्विन २६ गते, आइतबार | विजयाराम विहार | दोम्बु | विहान |
| ९. | आश्विन २६ गते, आइतबार | वेलुवनाराम विहार | थेचो | दिउँसो |
| १०. | आश्विन २६ गते, आइतबार | ध्यानकुटी विहार | वनेपा | विहान |
| ११. | आश्विन २७ गते, सोमबार | मणिमण्डप महाविहार | पटको पाटन | विहान |
| १२. | आश्विन २८ गते, मंगलबार | प्रणिधिपूर्ण महाविहार | बलम्बु | विहान |
| १३. | आश्विन २८ गते, मंगलबार | मनमय्जु ध्यानकुटी विहार | मनमैंजु | विहान |
| १४. | आश्विन २९ गते, बुद्धबार | रत्न विपश्यना विहार | सानो भऱ्याङ्ग | विहान |
| १५. | आश्विन २९ गते, बुद्धबार | महाबोधि विहार | लुम्बिनी | विहान |
| १६. | आश्विन ३० गते, विहीबार | शाक्य सिंह विहार | थैना, पाटन | विहान |
| १७. | आश्विन ३१ गते, शुक्रबार | संघाराम विहार | ढल्को | विहान |
| १८. | कार्तिक १ गते, शनिबार | श्रीघः विहार | नःघल | विहान |
| १९. | कार्तिक १ गते, शनिबार | कुटी विहार | कोटेश्वर | विहान |
| २०. | कार्तिक १ गते, शनिबार | बौद्ध शान्ति विहार | बुलु | दिउँसो |
| २१. | कार्तिक २ गते, आइतबार | जितवन विहार | थानकोट | विहान |
| २२. | कार्तिक ३ गते, सोमबार | पद्म सुगन्ध विहार | मजिपात | विहान |
| २३. | कार्तिक ४ गते, मंगलबार | त्रिरत्नकीर्ति विहार | कीर्तिपुर | विहान |
| २४. | कार्तिक ५ गते, बुद्धबार | मातातीर्थ विहार | मातातीर्थ | विहान |
| २५. | कार्तिक ६ गते, विहीबार | धर्मचक्र विहार | वागबजार | विहान |
| २६. | कार्तिक ९ गते, आईतबार | आनन्दकुटी विहार | स्वयम्भू | विहान |
| २७. | कार्तिक १० गते, सोमबार | सुमंगल विहार | लुँखुसी | विहान |
| २८. | कार्तिक ११ गते, मंगलबार | बौद्ध समकृत विहार | भक्तपुर | विहान |
| २९. | कार्तिक १२ गते, बुद्धबार | आनन्द भूवन विहार | भूईखेल | विहान |
| ३०. | कार्तिक १२ गते, बुद्धबार | शान्तिबन विहार | गोदावरी | विहान |
| ३१. | कार्तिक १२ गते, बुद्धबार | बोधिचर्या विहार | बनेपा | विहान |
| ३२. | कार्तिक १३ गते, विहीबार | पूर्वाराम विहार | धुलिखेल | विहान |
| ३३. | कार्तिक १४ गते, शुक्रबार | बुद्ध भूमि महाविहार | टोखा | विहान |
| ३४. | कार्तिक १५ गते, शनिबार | अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र | बुद्धनगर, काठमाडौं, संखमूल | विहान |
| ३५. | कार्तिक १५ गते, शनिबार | सुगतपुर विहार | त्रिशुली | विहान |
| ३६. | कार्तिक १६ गते, आइतवार | पाटी विहार | ठिमी | विहान |
| ३७. | कार्तिक १७ गते, सोमवार | नगदेश बुद्ध विहार | ठिमी | विहान |
| ३८. | कार्तिक १७ गते, सोमवार | धर्मशीला बुद्ध विहार | पोखरा | विहान |
| ३९. | कार्तिक १८ गते, मंगलवार | शुभमंगल विहार | थानकोट | विहान |
| ४०. | कार्तिक २० गते, विहीवार | गणमहाविहार | गणबहाल | विहान |

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY




हाजिर जवाफ प्रतियोगितामा पुरस्कार जित्न सफल विद्यार्थीहरू
पुरस्कारलिई भिक्षुणी धम्मवतीका साथ


वर्ष-३२; अङ्क-६ बु.सं. २५५८, कतिंः पुन्हि



Downloaded from http://www.dhamma.digital

# तथागतया अस्थिधातु

✍ **भिक्षु अश्वघोष महास्थविर**

डा. भिक्षु नन्दं च्वया बिज्याःगु न्हूगु विषययागु सफू " तथागतया अस्थिधातु" २०७१ भाद्र १४ गते मुनि विहारे विमोचन जुल । संघ नायक जूगु कारणं थुगु सफू जिं हे विमोचन याय्‌गु अवसर चूलात ।

सफू तप्पं जूगु कारणं फुक्कं क्वचायक स्वय्‌गु आंट ला मन्त । अथेसां सुवर्ण शाक्यया मन्तुना, भिक्षु बोधिसेनया भूमिका, भिक्षु ज्ञानपूर्णिक, भिक्षु कोण्डञ्ञ व राजकिय पण्डित डा. भिक्षु नन्दया थःगु खँ उपन्यास ब्वने थें हे ब्वना । संघर्षमय जीवन जुयाच्वन वसपोलया । भिक्षु नन्दया थःगु खँ ब्वनावले सीदत, वसपोल मुनि विहारे प्रव्रजित जूम्ह खनी । उकें सफूया विमोचन नं मुनि विहारे हे जूगु बाँलाःगु खँ खः ।

जिं न्यना, सफू छापय् यायत गुलि ध्यबा तुत ? लिसः वल लाख तुतं मयात । प्रकाशकत नानी मैंया व दीपकराज शाक्य खःसां ध्यबाला लेखकं खर्च याःगु धकाः न्यनाः तसकं लय्‌ताः वल । सफूया मू धर्मदान तयातःगु व सफू विमोचन जूखुन्हु हे सकसितं इना नं ब्यूगु खनाः तसकं लय्‌ताः वल । निरोगी ज्वीमा धकाः भिंतुना बियाच्वना ।

सफूया देबले (कभर) द्रोण बृह्मू नं अस्थिधातु इनाबियाच्वंगु विषयलय् छत्वाःचा च्वय्‌त्यना–

द्रोण ब्रह्मू तसकं हे विवेक बुद्धि दुम्ह जुयाच्वन । छाय् धाःसा भगवान् बुद्ध परिनिर्वाण ज्वी धुंकाः वसपोलया अस्थिधातु इनाकाय्‌गु खँय् तसकं ल्वापु ज्वीगु सम्भावना जुल । उगु इलय् द्रोण ब्रह्मू अन वयाः थथे धालः–

"भगवान् बुद्ध शान्ति प्रेमीम्ह धकाः लोमनला ? वसपोलया अस्थिधातु इना काय्‌त ल्वापु यानाः जक मगानाः लडाइँ हे यानाः अशान्ति यायत तयार जुयाच्वनागु ला ? छिमिसं बुद्धयागु गुण लोमनला ? मछाला पुस्य च्वन छिमिगु व्यवहार खनाः । भागं थछि इनाकाःसा जिहे ज्यूनि ।"

थुलि धयाः द्रोण ब्रह्मू नं च्याखलः जुजु खलः पिन्त भागं थछि अस्थिधातु इनांबिल । थ्वहे दृष्य क्यनाः सफूया कभर (देबः) छापे जुयाच्वंगुलिं नं सफू अझ् बाँलाः ताल ।

थ्व सफुती भगवान् बुद्धया शरीरया विषयले अनुसन्धानपूर्ण खँत च्वयातःगु दु । थुकथं मेगु सफुती न्हापा पिहां मवःनि धाःसां ज्यू । श्रीलंकाय् दन्त धातुया विषयलय् व बर्माय् केश धातुया बारे खँत उल्लेख यानाः सफूत पिंहा वयाच्वंगु दु । अथेहे सारीपुत्र व मौदगल्यायन भन्तेपिनिगु अस्थिधातु विषयलय् नं उल्लेख यानाः सफू पिहाँ वयाच्वंगु दु ।

तर तथागतया अस्थिधातुया विषयलय् थुकथं च्वयातःगु सफू धाःसा पिहाँ वःगु मुदुनि धयां अप्पो खँ ज्वीमखु थें च्वं । उकें भिक्षु नन्दयात हानं छको साधुवाद बियाच्वना । साधु ! साधु ! साधु !

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ जन्मेको पाँचौं दिनमा **नामाकरण** गरियो । सर्व अर्थ सिद्ध गर्ने हुनाले उहाँलाई सर्वार्थसिद्ध वा सिद्धार्थ भनियो ।

★ सिद्धार्थको नामाकरणको दिन आठ जना ब्राह्माणहरूले उनलाई भविष्यमा बुद्ध हुन्छ भनी भविष्यवाणी गरेका थिए । तिनीहरू थिए– राम, धज, लक्ष्मण (लक्षणा), मन्त्री (=मन्ती), भोज, सुयाम, सुदत्त र कौण्डण्य । ती मध्ये सबभन्दा कान्छो कौण्डण्यले सिद्धार्थ पक्कै बुद्ध हुन्छ भनी ठोकुवा गरेका थिए ।

★ उनन्तीस वर्षको उमेरमा सिद्धार्थको छोरो राहुलको जन्म भएको थियो ।

★ **आलारकालाम** र **उद्दकरामपुत्र**बाट प्राप्त ज्ञानलाई अपूर्ण ठानी सिद्धार्थ स्वयं आफैले ज्ञान प्राप्त गर्न उरूवेला बनतिर प्रस्थान गरे । त्यस वनमा उहाँले ६ वर्षसम्म विभिन्न किसिमका कठोर तपस्या गरेका थिए ।

*साभार- बौद्ध दर्पण*

Downloaded from http://www.dhamma.digital